# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## खाँडादेवी गाउँपालिका
## रामेछाप

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

खाँडादेवी गाउँपालिका

रामेछाप

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

खाँडादेवी गाउँपालिका

रामेछाप

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान लेखापरीक्षण मार्गदर्शन स्थानीय तह लेखापरीक्षण निर्देशिका महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता प्रचलित कानुनको परिपालना बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन खरिद व्यवस्थापन सार्वजनिक सेवा प्रवाह आन्तरिक नियन्त्रण प्रणाली आन्तरिक आय परिचालन जनशक्ति व्यवस्थापन जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय जनशक्ति स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको कानुनको पूर्ण परिपालना हुन नसकेको बजेट अनुशासन कमजोर रहेको आन्तरिक आय न्यून रहेको प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको वर्षान्तको खर्च उच्च रहेको निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल काठमाडौं नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
बागमती प्रदेश

मितिः२०८१।२।१४

प.सं. २०८०।८१

च.नं. २०४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू

खाँडादेवी गाउँपालिकाखाँडादेवी गाउँ कार्यपालिकाको कार्यालय

माकादुम रामेछाप ।

१. **कैफियत सहितको राय –** हामीले खाडादेवी गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।


२.२. लेखापरीक्षणबाट रू.९ करोड ९९ लाख ४७ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु १ लाख ५८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू २० लाख ७४ हजार प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८ करोड ९७ लाख ८२ हजार नियमित गर्नुपर्ने रु.७७ लाख ८८ हजार र पेश्की बाँकी रु. १ लाख ४५ हजार समेत रू.९ करोड ७५ लाख ७० हजार रहेको छ ।खाँडादेवी गाउँपालिकाको गतवर्ष सम्म रु.४२ करोड ९६ लाख ४५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ५२ करोड ९४ लाख ३४ हजार रहेको छ । खाँडादेवी गाउँपालिकाको बेरुजु वर्गीकरण अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने खाँडादेवी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना आन्तरिक नियन्त्रण व्यवस्था सम्पत्तिको संरक्षण स्रोत साधनको प्राप्ति र उपयोग बजेट व्यवस्थापन र राजस्व संकलन सार्वजनिक खरिद व्यवस्थापन कार्यक्रम स्वीकृति एवं कार्यान्वयन उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी खाँडादेवी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।



( शंकरप्रसाद पन्थी)

**नायब महालेखापरीक्षक**

# खाँडादेवी गाँउपालिका

## रामेछाप जिल्ला

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन राजस्व धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४८ | २७ | ९९९४७ | १ | ३ | १५८ | ४७ | २४ | ९९७९० | २०७४ | ७७८८ | ८९७८२ | ० | ० | ९७५७० | १४५ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रामेछाप | ४३०२४५ | ० | ६०० | ४२९६४५ | ० | ९९७८९ | ५२९४३४ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | **२०७९।८०** | २९ | मर्मत तथा इन्धन | ० |
| २ | **२०७९।८०** | ४० | स्वास्थ्य शिविर कार्यक्रम | ३१००० |
| ३ | २०७९।८० | ४९ | सामाजिक सुरक्षा भत्ता | ७५८०२.५९ |
| ४ | २०७९।८० | **५५** | वरवोट वडा कार्यालय पिङखुरी सडक उपभोक्ता समिति | ५०९३० |
| ५ | **२०७७।७८** | २ | कार्यक्रम संचालन पेश्की | ६००००० |
| | **गत विगतको जम्मा** | | | ६००००० |
| | **कुल जम्मा** | | | ७५७७३२.५९ |

# परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय लोकतन्त्र स्थापना गरी लाभ जनतासम्म पुर्याउने समानुपातिक समावेशी र न्यायोचित वितरणद्धारा कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरुप ३ तहको सरकार विचको सहकारिता सहअस्तित्व र समन्वय प्रवर्धन गरी उत्तरदायित्व र जिम्मेवारीको पारदर्शिता निश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्न २०७३ सालमा संघिय मामिला र स्थानीय विकास मन्त्रालयद्धारा स्थानीय तह लागु गरेपछि साविकका राकाथुम मझुवा भीरपानी पकरवास माकादुम गागल भदौरे र पिङखुरी गाउँविकास समिति मिलाएर खाँडादेवी गाउँपालिकाको स्थापना भएको हो। बागमती प्रदेश रामेछाप जिल्ला स्थित ३१३८३ जनसंख्या भएको यस गाउँपालिकामा १५०.७ वर्ग कि.मि. क्षेत्रफल र ९ वडा मा विभाजन गरिएको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन राजश्व धरौटी कोष तथा अन्य आय-व्यय मौज्दात हिसाब आर्थिक व्यवस्थापन कार्यक्रम सञ्चालन जिन्सी व्यवस्थापन जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१० देखि २०८०।५। १२सम्म रहेको छ ।

**घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित

लेखापरीक्षण योजना लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात विवरण लिखित प्रतिनिधित्व पत्र लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ समय सीमा स्रोतको उपलब्धता प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थितिः** गाउँपालिकाको आय व्यय तथा सम्पत्ति तथा दायित्वको विस्तृत विवरण अनुसुची १ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३४१०६२।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| क स | विवरण | रकम |
|---|---|---|
| १ | सामाजिक सुरक्षा भत्ता रकम फिर्ता | १६७९९ |
| २ | पाठ्यपुस्तक बढी निकासा | ३९१७९ |
| ३ | विद्यालय दिवा खाजा | ६३०० |
| ४ | मेडपा प्रविधि हस्तान्तरण | १०६५०९ |
| ५ | दिर्घ रोगी उपचार खर्च | १७२२७५ |
| कुल जम्मा | | ३४१०६२ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **बजेट खर्च गर्ने अख्तियारी**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०८०।३।१० गते रु. ७४ करोड ४० लाख ८७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।३।१० मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

३ **अन्तरसरकारी वित्तीय हस्तान्तरण**

अन्तरसरकारी वित्तीय हस्तान्तरणमार्फत संघीय श्रोतबाट संचालित निम्न बमोजिमका कार्यक्रम एकीकृत आर्थिक विवरणमा समावेश छैन ।

| सि नं | विवरण | निकासा खर्च |
|---|---|---|
| १ | गरिव संग विश्वेश्वर कार्यक्रम | ६२६००० |
| २ | सामाजिक सुरक्षा तथा संरक्षण | १३६७१४९०२ |
| जम्मा | | १३७३४०९०२ |

उल्लेखित वित्तिय विवरणमा यी कारोबार समावेश नभएकोले उक्त वित्तीय विवरणले यथार्थ चित्रण गर्दैन।

४ **वित्तीय विवरण**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३ करोड ६७ लाख १४ हजार गरिबसंग विश्वेश्वर कार्यक्रमको रु ६ लाख २६ हजार समेत गरी रु १३ करोड ७३ लाख ४० हजार सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

५ **फरक जिम्मेवारी**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.७ करोड ३५ लाख ३१ हजार यस वर्षको प्राप्तिमा फरक नपरेको यस वर्षको भुक्तानी रु१३करोड ७३ लाख ४० हजार र बैङ्क मौज्दातमा रु.७ करोड २३ लाख ५७ हजार फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२ ) | २११४७६९१ | ६२६७०२६४५ | ५९५८२४६४१ | ५३२००१९६ |
| एकीकृत आर्थिक विवरणअनुसार | ९४६७९४१८ | ७६४०४३५४७ | ७३३१६५५४३ | १२५५५७४२२ |
| फरक | ७३५३१७२७ | १३७३४०९०२ | १३७३४०९०२ | ७२३५७२२६ |

६ **घटी जिम्मेवारी**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.९ करोड ४६ लाख ७९ हजार मौज्दात रहेकोमा यो वर्ष रु.२ करोड ११लाख ४७ हजार जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.७ करोड ३५ लाख ३१ हजार घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्ने देखिएको रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७३५३१००० |

७ **कर दायित्व**

पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व मा रु.१७४५०१ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७४५०१ |

८ **आन्तरिक नियन्त्रण**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ माआन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था रहेको छ। आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानूनमा समेत उक्त व्यवस्था उल्लेख छ ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ मा स्थानीय तहबाट गरिने कार्यका सम्वन्धमा सम्पमदनगरिने कार्य नियमित मितव्ययी प्रभावकारी र दक्षतापुर्ण रुपमा सम्पादन गर्नुपर्ने प्रणालीको नगर प्रमुख

जिल्ला समन्वय समिति प्रमुख वा जिम्मेवार अधिकारी तोकी अनुगमन गर्ने व्यवस्था रहेकोमा पालिकाले आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी व्यवस्थापन गर्न सकेको देखिएन ।

- स्थानीयसरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने व्ववस्था रहेकोमा पालिकाले विगतमा तथ्याङ्क तयार गरेको भएपनि अवधि यकिन गरी अध्यावधिक गरेको पाइएन ।

- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको सुत्र सफ्टवयरले जेनेरेट गरे अनुसारकोवार्षिक प्रतिवेदन प्रदेश लेखा इकाई कार्यालयमा पठाउने गरेपनि सो सम्वन्धमा भएका थप प्रगतिका सम्वन्धमा लेखाङ्कन गरेको पाइएन ।

- पालिकाले भुक्तानी अभिलेखका आधारमा सुत्र सफ्टवेयरमा कार्यक्रमगत तथा योजनागत खाता राखेको जनाएपनिबहुबर्षिय योजना स्वीकृत गरी अभिलेखिकरण गरेको देखिएन ।

- पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको देखिएन ।

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यसको उपयुक्त व्यवस्थापन गरेको देखिएन ।

- पालिकाले जिन्सी सामानकोविवरण तयार गरी सहायक जिन्सी खाता राखेको जानएपनि वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेखमूल जिन्सी खातामा अध्यावधिक गरेको देखिएन ।

- जिन्सी निरिक्षण प्रतिवेदनमा विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्ने उल्लेख गरेकोमा सुझाव कार्यान्वयन गरेको देखिएन ।

- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन ।

- संस्था दर्ता ऐन २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन ।

- योजना व्यवस्थापनमा सकारात्मक प्रभाव कायम गर्ने गरी वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।

- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति

तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरेको देखिएन ।

- नगदी रसिद नियन्त्रण र निक्यौंल गर्न प्रणाली व्यवस्थापन गरेपनि थप सुधार गरेको देखिएन ।
- अधुरा आयोजनाको समिक्षागरी उपलव्धि मापन गरेको देखिएन । यसबाटअधुरा आयोजनाको कार्यान्वियनमा दिशानिर्देश हुन सकेको देखिएन ।
- ऐनको दफा ३२ अनुसार वित्तिय जोखिम कम गर्न र वित्तिय विवरणलाई विश्वसनिय बनाउन आन्तरिक नियन्त्रण समिति सुदृढ हुनपर्नेमा आन्तरिक नियन्त्रण समिति पूर्णता निष्कृय रहेको देखिन्छ ।
- वित्तिय व्यबस्थापन रणनीतिक खाँका (२०७७/७८-२०८१/८२) तयार गरिएकोमा यस अन्तगर्त मुख्य सुचक समेत तयार गरी उपलब्धीहरुको मापन गर्नुपर्नेमा सो बमोजिम सुचक नै तयार गरेको पाइएन ।

## ९ नीति तथा कार्यक्रममा समावेश भएका तर बजेटमा नपरेका कार्यक्रम

स्थानीय सरकार संचालन ऐन२०७४ मा स्थानीय तहहरुले स्थानीय स्तरको विकासका लागि आवधिक रणनीतिक र विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन योजना बनाई लागु गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन२०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने मध्यकालिन खर्च संरचना तयार गर्ने र आय व्यय प्रक्षेपण गर्नुपर्ने व्यवस्था रहेको छ । अत् स्थानीय तहले नीति तथा कार्यक्रम निर्माण गर्दा राष्ट्रिय तथा प्रादेशिक दिर्घकालिन सोच आवधिक योजना र क्षेत्रगत प्राथमिकता अनकुल नीति तथा कार्यक्रम तयार गर्नुपर्दछ ।त्यसैगरी आवधिक योजना तथा वार्षिक बजेट विनियोजन गर्दा नीति तथा कार्यक्रमसंग तारतम्यता हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कतिपय नीति तथा कार्यक्रममा तय गरिएका क्षेत्रमा बजेट विनियोजन गरेको देखिदैन भने नीति तथा कार्यक्रममा नसमेटिएका विषयहरुलाई वजेट विनियोजन गरिएको छ । राष्ट्रियप्रादेशिक तथा दिर्घकालिन लक्ष्य प्रासि गर्नका लागि आवधिक योजना मध्यकालिन खर्च संरचना नीति तथा कार्यक्रम संग सामन्जयश्यता हुने गरि बजेट तर्जुमा गर्न ध्यान दिनुपर्दछ ।आ.व २०७९।०८० मा नीति तथा कार्यक्रममा समावेश भएका तर बजेटमा नपरेका कार्यक्रमहरुका केहि उदाहरण निम्नानुसार छन् ।केही उदाहरणहरु

| बुँदा नं | क्षेत्र | कार्यविवरण | कैफियत |
|---|---|---|---|
| २९ | स्वास्थ्य | स्वास्थ्य संस्थामा औषधी ओसारपोसारका लागी मेडिकल ड्रोनको व्यबस्था गरिने | बजेट नै विनियोजन नभएको |
| १६३ | आर्थिक विकास नीति | सोचदेखि उद्योगसम्म कार्यक्रम मार्फत नवप्रर्वद्धन मार्फत बार्षिक ३०० जनालाई रोजगारी प्रदान गर्ने | बजेट नै विनियोजन नभएको |
| ६ | पूर्वाधार विकास | १५ शैयाको पालिकास्तरीय अस्पताल निर्माण सम्पन्न गर्ने | वजेट विनियोजन भएको तर रकमान्तर भएको |

| | | | |
|---|---|---|---|
| १६ | पूर्वाधार विकास | Municipality transport Master plan तयार गरी कार्यान्वयन गर्ने तथा आवश्यताको आधारमा नयाँ ट्र्याक खोलिनेछ | बजेट विनियोजन नै नभएको |
| १६५ | आर्थिक विकास सम्बन्धी नीति | स्थानीय कच्चा पदार्थ र स्रोत परिचालन हुने उद्यम व्यबसायको लागी पालिकाले बढीमा १० लाखसम्म प्रोत्साहन रकम दिने छ । | कार्यक्रम विनियोजन नै नभएको |

## १० बजेट विनियोजन

आर्थिक वर्ष २०७९।८० को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ\ ।

| कुल बजेट | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत |
|---|---|---|---|---|
| ७५४०८७००० | ४६९१८०००० | ६२.२१ | २८४९०७००० | ३७.७९ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु ७५४०८७००० बजेट विनियोजन भएकोमा चालु तर्फ रु ६२.२९% प्रतिशत र पूँजीगत तर्फ रु ३७.७९ प्रतिशत बजेट विनियोजन भएको छ ।

## ११ अवण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष चालु तथा पुँजिगत गोठ भकारो सुधार कार्यक्रम का लागि रु २७ लाख उपाध्यक्षसँग महिला शिर्षकबाट रु ९ लाख. विपद व्यवस्थापनमा रु २५ लाख. विविध खर्च शिर्षकमा रु ४२ लाख. सभा संचालन शिर्षकमा रु ५ लाख. भैपरि आउने चालु खर्चमा रु ५ लाख. मठ मन्दिर तथा वडा भरीको सडक मर्मत शिर्षकमा रु ८२ लाख खानेपानी आयोजनाबाट प्रभावितलाई योजना भनी रु ४० लाख र जनतासँग अध्यक्ष कार्यक्रममा रु १ करोड ३६ लाख ७० हजार बजेट विनियोजन गरी कुल रु ३ करोड ४८ लाख अवण्डा राखी विभिन्न शिर्षकमा खर्च गरिएको छ । बजेट अबण्डमा राखी पदाधिकारी / कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

## १२ पूँजीगत खर्च

पूँजीगत खर्च - नगरपालिका/गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाए बमोजिम रहेको छ ।

| क्र.स. | आर्थिक वर्ष | बजेट | पूँजीगत खर्च | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९/८० | २८४९०७००० | १८७०४५००० | ६५.६५% |

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु १८७०४५००० विनियोजन गरेको छ जुन ६५.६५% प्रतिशत मात्र हुनआउँछ ।लक्षित उद्देश्य हासिल गर्न संस्थागत खर्च क्षमतामा वृद्धि गर्दै लैजानुपर्दछ ।

## १३ क्षेत्रगत बजेट र खर्च

स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|
| आर्थिक विकास | ४२८४३०००.०० | ३ ७११२०९१.४८ | ६.३६ |
| सामाजिक विकास | ३६५७२५०३४.८३ | ३१७८८५२५८.४७ | ५४.५६ |
| पुर्वाधार विकास | १७३८९८००४.०० | १०९८९१०२९.३९ | १८.८६ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ७३९९६७९३.८६ | ३९२६४६२२.०७ | ६.७४ |
| कार्यालय संचालन तथा प्रशासनिक | ९७६२५०००.०० | ७८५४४२९४.५५ | १३.४८ |
| जम्मा | ७५४०८७८३२.६९ | ५८२६९७ २९५.९६ | १०० |

उपर्युक्त विवरणअनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढि सामाजिक विकासमा ५४.५६प्रतिशत पुर्वाधार विकासमा १८.८६ प्रतिशत र कार्यालय संचालन तथा प्रशासनिकमा १३.४८प्रतिशत खर्च रहेकोछ। आर्थिकविकासतर्फ ६.३६प्रतिशत सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा६.७४प्रतिशत मात्र रहेको देखियो। अतःआर्थिकविकास र सुशासन तथाअन्तरसम्वन्धित क्षेत्रमा पर्याप्त बजेट विनियोजन गरी सुधार गर्नुपर्दछ।

## १४ त्रैमासिक पूँजीगत खर्च

त्रैमासिक पूँजीगत खर्च- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिती देहायबमोजिमरहेको छ।

| सि. नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत सशर्त | ३६२५० ४८८.१४ | ७२४ ६३५.०० | १०१४ ४१६.७४ | ६२३५ ३९०.०० | २८२७६ ०४६.४० | १९२९८ ७४३.९४ |
| २ | प्रदेश पूँजीगत | ५३९५७ ७८८.२२ | ३४२ १५०.०० | ० | ५८३२ १८९.८० | ४७७८३ ४४८.४२ | २६२७४ ५७७.३२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | गाउँपालिका पूँजीगत | ९६८३६ ७९०.०७ | २२७७ ६२९.०० | ५८४० ३९०.०५ | ३२२४५ ८८४.०० | ५६४७२ ८८७.०२ | ३००७४ ८१४.२८ |
| | कूल खर्च | १८७०४५ ०६६.४३ | ३३४४ ४१४.०० | ६८५४ ८०६.७९ | ४४३१३ ४६३.८० | १३२५३२ ३८१.८४ | ७५६४८ १३५.५४ |
| | खर्च प्रतिशत | | १.७९ | ३.६६ | २३.६९ | ७०.८६ | ४०.४४ |

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिक पूँजीगत खर्चको ७०.८६ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र ४०.४४ प्रतिशत खर्च भएको देखिन्छ । त्यसैले चौथो त्रैमासिक र असार महिनामा बढी खर्च गर्ने प्रवृत्ति नियन्त्रण गर्नमा ध्यान दिनुपर्दछ ।

## १५ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । पालिकाको न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ०४ | १८ | २२ | १९ | ३ |

## १६ कानून निर्माण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | ऐन | १९ |
| २. | नियमावली | ७ |
| ३. | कार्यविधि | ५६ |
| ४. | नीति | १ |
| ५ | निर्देशिका | ४ |
| ६ | आचारसहिंता | १ |
| ७ | विध्यक | ६ |
| ८ | दिर्गदर्शन | ३ |
| ९ | विनियोजना | २ |
| १० | अन्य | ३ |
| ११ | जम्मा | १०२ |

## १७ आन्तरिक आय तर्फ

वाग्मती प्रदेश ढुङ्गा गिट्टि वालुवा उत्खनन् विक्री तथा व्यबस्थापन मापदण्ड २०७७ अनुसार नदीजन्य पदार्थको संकलन उत्खनन् र विक्रीको लागि कार्ययोजना बनाई कार्यपालिकाबाट निर्णय गर्नुपर्दछ। कार्यपालिकाको निर्णय पश्चात प्रचलित कानुन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरी उक्त प्रतिवेदनले तोकेको स्थान र क्षेत्रहरुमा मात्र उत्खनन् तथा संकलन गर्न पाउने व्यवस्था रहेको छ ।यद्यपी प्रारम्भिक वातावरणीय मुल्यांकन लेखापरीक्षणका क्रममा पेश नभएकोले कति परिमाण र कुन क्षेत्रमा उत्खनन् स्वीकृत भएको यकिन गर्न सकिएन ।आन्तरिक आय तर्फ देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

- पालिकाको मिति २०७९।०७।२५ गतेको निर्णय अनुसार दहत्तर बहत्तरको बढाबढ बोलपत्र ३ पटक सम्म आव्हान गर्दा कुनै पनि निर्माण व्यवसायीबाट दरखास्त परेको देखिएन । पुष मसान्तसम्म बोलपत्र दरखास्त नपरेकाले गाउँसभाको निर्णयले अमानतवाट दिने निर्णय गरेको पाइयो । कार्यपालिकाको ११३ औं निर्णयानुसार आदिनी कन्स्ट्रक्सन एण्ड सप्लायर्स मध्यपुर थिमीलाई २५ लाख मात्र र कोन्जेसोम ब्रिर्डरस एण्ड सप्लायर्स प्रा लिलाई २० लाख बराबरको मात्र संकलन गर्ने अनुमति दिने निर्णय भए पश्चात उक्त दुवै सप्लायर्सले क्रमश आदिमी कन्स्ट्रक्सन एण्ड सप्लायर्स मध्यपुर थिमीले ११ लाख र कोन्जेसोम ब्रिर्डरस एण्ड सप्लायर्स प्रा लि ले १० लाख सम्झौता वेगर नै पालिकाको विभाज्य कोषको खातामा जम्मा गरेको देखियो । उक्त फर्महरुले के कति संकलन गरे भन्ने सम्बन्धमा यकिन गर्न सकिने प्रमाण पेश हुन आएन । कार्यालयको भनाई अनुसार अग्रिम रुपमा रकम जम्मा गरेका फर्महरुले संकलनको कार्य नै नगरेको भन्ने जानकारी प्राप्त भयो । तत् पश्चात पुनः गाउँसभाको पुष मसान्तको निर्णयले ठेक्का वा अमानत काम गर्ने निर्णयानुसार अमानतवाट दहत्तर वहत्तर संकलन गरेको देखिन्छ । अमानतवाट रु ७ लाख २३ हजार संकलन भएकोमा १३ प्रतिशत भ्याट दाखिला गरेको पाइएन । अघिल्लो बर्षको तिर्न बाँकी १३ लाखको मुल्य अभिवृद्धि कर १६९००० र यस वर्षको अमानतबाट पालिकाले संकलन गरेको रु ७२३५०४ रकमको मुल्य अभिवृद्धि कर रु९४०५५। राजश्व दाखिला गर्नुपर्ने देखिन्छ रु.
- पालिकाको गाउँसभाले आर्थिक बर्ष २०७९/८० मा प्रस्तावित राजस्वमा स्थानिय राजस्व ५२ लाख ६० हजार तथा दहत्तर बहत्तर शुल्क ४ करोड ३० लाख ६६ हजार गरी कुल आन्तरिक आय ४ करोड ८३ लाख २६ हजार जम्मा प्रस्ताव गरेकोमा स्थानिय राजस्व वापत ५३ लाख १० हजार र दहत्तर बहत्तर बाट २८२३५०४ गरी कुल ८१लाख ३३ हजार कुल आम्दानी गरेको देखिन्छ ।

पालिकाको राजश्व शाखावाट प्राप्त विवरण अनुसार विभिन्न शिर्षकमा निम्नानुसार आय संकलन भएको पाइयो

| सि.नं | शिर्षक नं | आय शिर्षक | संकलित रकम |
|---|---|---|---|
| १ | ११३१४ | भुमिकर/मालपोत | १०८२१६१ |
| २ | ११११९ | RBB विविध | ६६१७९१ |
| ३ | ११४५१ | सवारी साधन कर(साना सवारी) | ० |
| ४ | ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ११७०२८.९ |
| ५ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | १३१४६० |
| ६ | ११६३१ | कृषि तथ पशुजन्य वस्तुको व्यावसायिक कारोवार | ८७३०२८ |

| | | | |
|---|---|---|---|
| ७ | १४१५१ | सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | ० |
| ८ | १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम | १७७६९० |
| ९ | १४२२३ | शिक्षा क्षेत्रको आम्दनी | ८५२४६ |
| १० | १४२२४ | परिक्षा शुल्क | २३५०० |
| ११ | १४२४९ | अन्य दस्तुर | २२७७०२५ |
| १२ | १४२१९ | दहत्तर बहत्तर शुल्क | ३००६३१० |
| १३ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ७१००० |
| | | जम्मा | ८५०६२४० |

पालिकाको लेखाले सुत्रमा अद्यावधिक भएको विवरण अनुसार आन्तरीक आय तर्फ ५३ लाख १० हजार र दहत्तर वहत्तर तर्फ अघिल्लो आ.वको सहित रु ४३ लाख ३ हजार गरी जम्मा ९६ लाख १३ हजार आय देखाएको छ । राजश्व शाखावाट प्राप्त विवरण र सुत्रले देखाएको राजश्व विवरण फरक देखिएकोले यस वर्षको राजश्व स्पष्ट देखिने गरी विवरण अद्यावधिक गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६३०५५ |

१८ **सेवा प्रवाह**

पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्न विषयमा २००३ जनालाई देहाय बमोजिम पञ्जिकरण शाखाबाट प्रदान गरेका सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।

| क्र सं | विवरण | सेवा संख्या |
|---|---|---|
| १ | जन्म दर्ता | १०२१ |
| २ | मृत्यु दर्ता | ३०९ |
| ३ | बसाईसराई दर्ता | ६६ |
| ४ | विवाह दर्ता | ५८५ |
| ५ | सम्बन्ध विच्छेद दर्ता | २२ |
| | जम्मा | २००३ |

१९ **कर्मचारि दरबन्दी र व्यस्थापन**

यस सम्बन्धमा देखिएका मुख्य व्यहोराहरु देहाए बमोजिम छनः-

- **दरबन्दी र पदपूर्ती** - पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी पदपूर्ती र यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

| क्र.स. | स्वीकृत पद | सख्या | पदपूर्ती | | ज्यालादारी | पदपूर्ती बाँकी |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | | |
| १ | अधिकृत छैठौं प्रशासन | २ | १ | | | १ |
| २ | लेखा अधिकृत | १ | १ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | शिक्षा अधिकृत | १ | १ | | | |
| ४ | स्वास्थ्य संयोजक | १ | १ | | | |
| ५ | इन्जिनियर | १ | | १ | | १ |
| 6 | कृषि अधिकृत | १ | | १ | | १ |
| ७ | भेटेनरी अधिकृत | १ | १ | १ | | |
| ८ | पशु चिकित्सक | १ | | १ | | |
| ९ | उद्योग अधिकृत | १ | | | | १ |
| १० | सूचना प्रविधि अधिकृत | १ | | १ | | |
| ११ | आ.ले.प. | १ | १ | | | |
| १२ | वडा सचिव | ९ | ४ | ५ | | ५ |
| १३ | राजश्व प्रमुख (पाँचौ) | १ | | १ | | १ |
| १४ | लेखापाल | १ | १ | | | |
| १५ | न्यायिक सहजकर्ता | १ | | १ | | |
| १६ | खा.पा.स.टे | १ | १ | | | |
| १७ | महिला विकास निरिक्षक | १ | १ | | | |
| १८ | प्राविधिक सहायक (शिक्षा) | १ | १ | | | |
| १९ | रोजगार संयोजक | १ | | १ | | |
| २० | प्राविधिक सहायक | | | १ | | |
| २१ | रोजगार सहायक | | | १ | | |
| २२ | कृषि प्राविधिक | | | २ | | |
| २३ | पशु प्राविधिक | | | ३ | | |
| २४ | जिन्सी प्रमुख | १ | | | | १ |
| २५ | एम.आइ.एस अपरेटर | १ | | १ | | |
| २६ | फिल्ड सहायक | २ | | २ | | |
| २७ | सव- इन्जिनयर | ७ | १ | २ | | ६ |
| २८ | अ.सव- इन्जिनियर | ५ | ३ | २ | | २ |
| २९ | नर्सिङ | १ | | | | १ |
| ३० | कम्प्युटर अपरेटर | २ | १ | १ | | १ |
| ३१ | स.कम्प्युटर अपरेटर | १० | | १० | | |
| ३२ | इलेक्ट्रिसियन | | | १ | | |
| ३३ | श्रेणी विहिन | १६ | | २४ | | |
| ३४ | नगर प्रहरी | | | ३ | ३ | |
| ३५ | उद्यम विकास सहजकर्ता | | | २ | | |
| **जम्मा** | | ७३ | १९ | ६९ | ३ | १९ |

- **रिक्त पदको सूचना नदिएको** - स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी ७३ जना रहेकोमा देहाय बमोजिम १९ जना स्थायी ५६ जना करारमा कार्यरत रही १९ जना पद रिक्त रहेका छन् । तर पालिककाले गत विगत वर्षहरु देखि नै यस

वर्षको लेखापरीक्षण अविधसम्म रिक्त पद पूर्तीका लागि तोकिएको बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएकोमा हाल सम्म पदपुर्ति नभएको देखिन्छ । यसमा सम्बन्धित पक्षको ध्यान जानु जरुरी देखिन्छ।

## २० नक्सापास

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७(१) मा गाउँपालिका/नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिकाको भवन निर्माण ईजाजात शाखाबाट भएको नक्शा दर्ता संख्या तथा नक्सापास संख्याको विवरण देहाय बमोजिम रहेको छः

| नक्सा दर्ता संख्या | नक्सापास संख्या | कैफियत |
|---|---|---|
| २ | २ | अभिलेखीकरण मात्र |

उपरोक्त विवरण अनुसार यस वर्षको अवधिमा पालिकाले जम्मा २ वटा नयाँ नक्सा दर्ता र २ वटा नक्सापास गरेको छ । त्यसैगरी पालिकाले नक्सा दर्ता र पास गर्दा भवन संहिताको प्रभावकारी पालना र कार्यान्वायनलाई ध्यान दिंदै नक्सा पालना र अद्यावधिक तथा अभिलेखीकरणको कार्यमा समेत ध्यान दिनुपर्दछ ।

## २१ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता मितव्ययिता कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

## २२ अग्रिम आयकर

आयकर ऐन२०५८को दफा ८८ मा परामर्शदातालाई रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले आ व २०७७।७८ देखि कार्यक्रम सञ्चालन गर्न को लागि हेफर नेपाल गैर सरकारी संस्था संग सम्झौता गरी कार्यक्रम सञ्चालन गरेको देखिएको छ।कार्यक्रम सञ्चालन पश्चात भुक्तानी माग गर्दा बिजक पेश गरेको छैन । परामर्शदाताको बिजक संलग्न गरी कानुनी व्यवस्था अनुसार लाग्ने कर कट्टी

गरेर मात्र भुक्तानी गर्नु पर्नेमा सो बमोजिम नगरी पालिकाले यस बर्ष जम्मा रकम रु ९३६६००० भुक्तानी गर्दा कर कट्टी गरेको छैन नियमानुसार लाग्ने कर कट्टी गरी संघिय सञ्चित कोषमा दाखिला गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४०४९०० |

२३ **स्थानीय सञ्चित कोष**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष

२०७९/८० को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | | |
| **प्राप्ती (क+ख)** | | ७५८०४८१८२.१९ | ६२६७०२६४५.६१ | | ६२६७०२६४५.६१ | ६३७२५३३४७.७६ | | ६३७२५३३४७.७६ | | |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ७४४३४२५९०.१९ | ५९८४८४२५९.६९ | ०.०० | ५९८४८४२५९.६९ | ६२९०६८१६८.३७ | ०.०० | ६२९०६८१६८.३७ | | |
| ११००० कर | ११ | १२४१५०००.०० | १०४८८४२३६.४७ | ०.०० | १०४८८४२३६.४७ | १०५९९४६०४.५० | ०.०० | १०५९९४६०४.५० | | |
| १३००० अनुदान | | ५४७३५७०००.०० | ४८३९८६८४४.७२ | ०.०० | ४८३९८६८४४.७२ | ५१४४२७४९०.०० | ०.०० | ५१४४२७४९०.०० | | |
| संघीय सरकार | १२ | ४६११००००.०० | ४१७५९११६५.४६ | ०.०० | ४१७५९११६५.४६ | ४४२५३००००.०० | ०.०० | ४४२५३००००.०० | | |
| प्रदेश सरकार | १२ | ८६२५७०००.०० | ६६३९५६७९.२६ | ०.०० | ६६३९५६७९.२६ | ७१०१९०००.०० | ०.०० | ७१०१९०००.०० | | |
| अन्तरिक श्रोत | | ०.०० | ०.०० | ०.०० | ०.०० | ८७८४९०.०० | ०.०० | ८७८४९०.०० | | |
| १४००० अन्य राजस्व | | ७२८३५५९०.१९ | ९६१३१७८.५० | ०.०० | ९६१३१७८.५० | ८६४६०७३.८७ | ०.०० | ८६४६०७३.८७ | | |
| ख. अन्य प्राप्ति | | १३७०५५९२.०० | २८२१८३८५.९२ | | २८२१८३८५.९२ | ८१८५१७९.३९ | | ८१८५१७९.३९ | | |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ४४८५८४०.७१ | ०.०० | ४४८५८४०.७१ | | |
| कोषहरु | | १३७०५५९२.०० | २८२१८३८५.९२ | ०.०० | २८२१८३८५.९२ | ०.०० | ०.०० | ०.०० | | |
| धरौटी | | ०.०० | ०.०० | ०.०० | ०.०० | ३६९९३३८.६८ | ०.०० | ३६९९३३८.६८ | | |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| भुक्तानी (ग+घ) | | ७६७७९३४२४.६९ | ५९५६५०१४०.६९ | | ५९५६५०१४०.६९ | ५८०२२६३४०.७८ | | ५८०२२६३४०.७८ | | |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७५४०८७८३२.६९ | ५८२६९७२९५.९६ | | ५८२६९७२९५.९६ | ५७७०१५२३२.७० | | ५७७०१५२३२.७० | | |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ८३१९५५००.०० | ७२४८८८२५.०३ | ०.०० | ७२४८८८२५.०३ | १४५३४५८७८.५४ | ०.०० | १४५३४५८७८.५४ | | |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १७८९४८५३४.८३ | १२८०९१४५७.४८ | ०.०० | १२८०९१४५७.४८ | १७६९६९६१३.१७ | ०.०० | १७६९६९६१३.१७ | | |
| २५००० सहायता (Subsidy) | १८ | १९१४१८०००.०० | १७९७३४२४७.१६ | ०.०० | १७९७३४२४७.१६ | २०८७३५२६.४३ | ०.०० | २०८७३५२६.४३ | | |
| २६००० अनुदान | १८ | ४९५००००.०० | ४९२६५०६.०० | ०.०० | ४९२६५०६.०० | ०.०० | ०.०० | ०.०० | | |
| २७००० सामाजिक सुरक्षा | १८ | ८५१०००.०० | ६१२४००.०० | ०.०० | ६१२४००.०० | १८६६१३४.०० | ०.०० | १८६६१३४.०० | | |
| २८००० अन्य खर्च | १८ | ९८१७७९३.८६ | ९७९८७९३.८६ | ०.०० | ९७९८७९३.८६ | ५११७५०.०० | ०.०० | ५११७५०.०० | | |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २८४९०७००४.०० | १८७०४५०६६.४३ | ०.०० | १८७०४५०६६.४३ | २३१४४८३३०.५६ | ०.०० | २३१४४८३३०.५६ | | |
| घ. अन्य भूक्तानी | | १३७०५५९२.०० | १२९५२८४४.७३ | | १२९५२८४४.७३ | ५८०२२६३४०.७८ | | ५८०२२६३४०.७८ | | |
| कोषहरु | | १३७०५५९२.०० | ८७८८१७७.४० | ०.०० | ८७८८१७७.४० | ३९१९१७.०८ | ०.०० | ३९१९१७.०८ | | |
| धरौटी | | ०.०० | ४३३९१६९.०० | ०.०० | ४३३९१६९.०० | २८१९१९१.०० | ०.०० | २८१९१९१.०० | | |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | | |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (१७४५०१.६७) | | (१७४५०१.६७) | | | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (९७४५२४२.५०) | ३१०५२५०४.९२ | | ३१०५२५०४.९२ | ५७०२७००६.९८ | | ५७०२७००६.९८ | | |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २२१४७६९१.१८ | | २२१४७६९१.१८ | ३३७६४७५५.७३ | | ३३७६४७५५.७३ | | |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (९७४५२४२.५०) | ५३२००१९६.१० | | ५३२००१९६.१० | ९०७९१७६२.७१ | | ९०७९१७६२.७१ | | |
| | | | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ३६८८७९३८.८२ | | ३६८८७९३८.८२ | ९०८०७०६७.७१ | | ९०८०७०६७.७१ | | |
| | | | | | | | | | | |

२४ **कर संकलन**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५ ५७ ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा वहाल कर व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ ।पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **क्र.स.** | **आर्थिक वर्ष** | **आन्तरिक आय रु** | **पालिकाको जम्मा खर्च रु** | **आयको तुलनामा खर्चको प्रतिशत** |
|---|---|---|---|---|
| १ | २०७९।८० | **८१३३०००** | **५८२६९७२९५.९६** | १.३९ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा १६.८३ प्रतिशत मात्र आन्तरिक आय संकलन गरेको देखिन्छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

२५ **आन्तरिक आय र खर्चको विश्लेषण**

पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरए देहाय बमोजिम रहेको छ ।

| क्र.स. | आर्थिक वर्ष | आन्तरिक आय | पालिकाको जम्मा खर्च रु | आयको तुलनामा खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९।८० | ८१३३००० | ५८२६९७२९५.९६ | १.३९ |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु५८२६९७२९५.९६ रहेको छ भने राजश्व संकलन ८१३३००० गरेको छ । पालिकाको कुल खर्च आन्तरिक आयको १.३९ प्रतिशत हुन आउँछ जुन खर्चको तुलनामा आन्तरिक आय न्यून रहेको देखिन्छ ।

२६ **करको दायरा**

आर्थिक वर्ष २०७९/८० सम्ममा सम्पत्ति र व्यवसाय कर तिर्ने करदाताको विवरण देहायनुसार रहेको छ ।

| करको प्रकार | जम्मा करदाता | कर तिर्ने करदाता | कर तिर्ने करदाताको प्रतिशत | करको दायरामा नआएका करदाता | कर नतिर्ने करदाताको प्रतिशत |
|---|---|---|---|---|---|
| सम्पत्ति कर | ३१३८३ | १९१३ | ६ | २९४७० | ९४ |
| व्यवसाय कर | ३१३८३ | ४३ | ०.१३ | ३१३४० | ९९.८७ |

सम्पत्तिकर तर्फ ९४ प्रतिशत व्यवसायकर तर्फ ९९.८७ प्रतिशत करदाता करको दायराभन्दा बाहिर रहेको देखियो । अतः पालिका भित्र रहेका सम्पूर्ण करदातालाई करको दायरा क्षेत्र र करको दर समेतको विश्लेषण गरी पालिकाबाट प्रवाह हुने सेवासँग करदाताको प्रत्यक्ष सम्बन्ध स्थापित हुने गरी नीति तथा कार्यक्रम संचालनमा ल्याउनुपर्दछ ।

२७ **अनुगमन**

स्थानीय तहको योजना तर्जुमा दिग्दशर्न२०७८ को २.६.१२ मा आवधिक योजना नीति तथा कार्यक्रमले लिएको लक्ष्य उद्देश्य तथा अपेक्षित प्रतिफल हासिल हुने गरी बजेट खर्च भए नभएको सम्बन्धमा स्थानीय तहले आफुले संचालन गरेका योजना तथा कार्यक्रममा अनुगमन तथा मुल्यांकन गर्नुपर्दछ । उद्देश्य अनुरुप खर्च प्रणालीलाई व्यवस्थित गर्न तथा मुल्याकंन पद्धतीवाट आगामि कार्यक्रम कार्यान्वयनमा सुधार गर्न अनुगमन तथा मुल्याङ्कनका विभिन्न औजारहरु उपयोग गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आ व मा संचालित योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मुल्यौँकन गर्नका लागि रु२७ लाख बजेट विनियोजन गरेकोमा रु २३ लाख १४ हजार खर्च भएको देखिन्छ ।त्यसैगरी विभिन्न योजनाको कन्टेन्जेन्सीवाट पनि अनुगमन तथा मुल्यौँकन शिर्षकमा खर्च भएको पाइयो ।पालिकाले योजनाहरुमा अनुगमन गर्दा यथार्थपरक सुचक तयार नगरेकोविज्ञ समूह संलग्न नगराएको तथा अनुगमन प्रतिवेदन संलग्न नभएको देखिन्छ । सम्भव भएसम्म अनुगमन तथा मुल्याङ्कनमा विषय विज्ञ तथा सम्बन्धित सरोकारवालाहरुलाई संलग्न गराउनुपर्दछ ।आगामी आ व को लागि पृष्ठपोषण रुपमा प्रयोग गर्न सकिने गरि सुचक बनाई अनुगमन गर्नुपर्ने व्यवस्था कार्यपालिकाले मिलाउनु पर्दछ ।

२८ **अनुगमन भत्ताः**

प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम गोष्ठि र तालिमहरुमा अनुगमन गरेको भत्ता पाउने व्यवस्था गरेको नदेखिएकोले पालिकामा नमुना भौचर परीक्षण गर्दा निम्नानुसार भौ.नं. र मितिबाट विभिन्न कार्यक्रमको अनुगमन गरेको भनी निम्नानुसार पदाधिकारी तथा कर्मचारीहरुलाई अनुगमन भत्ता भुक्तानी गरेकोले नियम विपरितको भत्ता रकम असुल गर्नुपर्ने रु.

| गोश्वारा भौचर र मिति | कार्यक्रम | पदाधिकारी | कर बाहेकको रकम |
|---|---|---|---|
| २६।२०८०।३।२० | बालमैत्री स्थानीय तह घोषणा तथा प्रोत्साहन कार्यक्रम | रमा घिसिङ लगायत ५ जना | १३६०० |
| २८।२०८०।३।२२ | बाल विवाह अत्यका लागि परिचालन | रमा घिसिङ लगायत ४ जना | ८१६० |
| २१।२०८०।३।२ | अपाङगता पहिचान तथा स्वास्थ्य शिविरको अवलोकन | ज्ञानकुमार श्रेष्ठ लगायत ६ जना | ८१६० |
| ५०।२०७९।१०।१८ | गर्भवती र परिवारबीचको अन्तक्रिया | २०७९।९।२१ देखि माघ १७ सम्म | ६८००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९७९२० |

२९ **मर्मत तथा इन्धन**

*........... (प्रारम्भिक प्रतिवेदन उपर उल्लेखित व्यहोरामा थपव्यहोरा कायम गर्नुपर्ने भएकोले यस दफालाई हटाई सम्परीक्षणबाट थप बेरुजु कायम गर्ने गरी मिति २०८०।१२।१५ को निर्णयबाट सम्परीक्षण गरिएको ।)*

३० **डि. पी.आर प्रतिवेदन**

प्रतिवेदन पेश गर्ने गरी सम्झौता भएको परामर्श सेवाको परामर्शदाताले सम्झौता बमोजिम प्रतिवेदन तयार गरी कार्यालयमा पेश गर्ने र कार्यालयले सो प्रतिवेदनलाई सम्पत्तीका रुपमा लेखांकन गरी संरक्षित गरी राख्नुपर्दछ । पालिकाको वडा नं २ मझुवा स्थित सित्खा-धुसाल-मझुवा मा.वि हुदै खाँडादेवि मन्दिर सम्म पुग्नका लागि वृहत गुरुयोजना कार्य तयार गर्न वडा नं २ का अध्यक्ष श्री केशव कुमार प्रधानको अध्यक्षतामा मिति २०८०।१।२८ मा बसेको वडास्तरशिय बैठकले निर्णय गरी विपत् व्यवस्थापनबाट विभिन्न कार्यक्रम/योजनामा रु ५७५००० रकम रकमान्तर गरेको सोही कार्यक्रममा डि.पि.आर को लागी रु १००००० छुट्याइएको पाइयो । उक्त डि.पि.आर कार्यको लागि वडाले नै लामा कन्स्ट्रक्सनसँग गरेको सम्झौता तथा डि. पी.आर को प्रतिवेदन पेश गर्नुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १००००० |

३१ **जरिवाना**

पालिकालाई अनिवार्य दायित्व हुने विद्युत महसुल लगायतका अन्य विभिन्न शुल्क समयमै भुक्तानी गरी खर्चमा मितव्ययिता ल्याउनु पर्दछ ।तर पालिकाले भौ नं १२१।२०७९।९।३ बाट विद्युत महसुल भुक्तानीमा ३२५९२।९६ जरीवाना भुक्तानी गरेको देखिन्छ ।समयमा नै भुक्तानी नगर्दा कार्यालयलाई थप व्ययभार परेको देखिन्छ ।समयमा नै महसुल भुक्तानी गरी त्यस्तो खर्चमा नियन्त्रण गर्नु पर्ने देखिन्छ ।

३२ **गरिवीसंग विश्वेश्वर कार्यक्रम**

यस बर्ष पालिकाले गरिब सँग विश्वेश्वर कार्यक्रम अन्तर्गत दुई जना सामाजिक परिचालक नियुक्त गरी वार्षिक तलब भत्ता बापत रु ४१००००।०० र गिरिराज कुखुराका चल्ला वितरण कार्यक्रम सञ्चालन वापत रु ६२६०००।०० भुक्तानी दिएको देखिएको छ।यसरी कार्यक्रम सञ्चालनको तुलनामा कर्मचारीको तलब भत्तामा कार्यक्रमको उल्लेख्य अंश खर्च हुँदा कार्यक्रम कुन उद्देश्यले निर्माण गरिएको हो सोको लाभ लागत विश्लेषण गरी उपयुक्त नीति निर्माण तथा कार्यान्वयन गर्नुपर्नेमा सम्बन्धित पक्षको ध्यान जान जरुरी देखिन्छ ।

३३ **सहकारी तर्फः**

सहकारी संस्थाको विवरण- पालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाए बमोजिम रहेको छ ।

| सि.न | सहकारी संस्थाको किसिम | सहकरी सख्या | सदस्य सख्या | सेयर पुँजि रु | बचत रु | ऋण लगानी रु | जगेडा कोष |
|---|---|---|---|---|---|---|---|
| १ | बचत तथा ऋण सहकारी संस्था लि | २५ | ६७७२ | १९७५११८२ | ११०२३८९८५।२८ | ३१४७९१९५।४९ | ७१३४१४८।५ |
| २ | बहुउदेश्य सहकारी संस्था लि | ८ | ४१४३ | १६९८९२७० | ७३९४६१६८।२ | ८४९०३९४९।८ | ३७९९४३।१७ |
| ३ | कृषि सहकारी संस्था लि | २१ | २४२० | १६७०३४० | ५९०३७३८२। | ३४८०४८१३। | ४०९६३०४।५७ |
| ४ | उपभोक्ता सहकारी | २ | ८७ | ९९५० | ० | ० | ० |
| | जम्मा | ५६ | १३४२२ | ३८४२०७४२ | २४३२२२५३५ | १५११८७९५८ | ११६१०३९६ |

सहकारी संस्थाको अनुगमन–पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र संचालनमा रहेका सहकारी संस्थाको पालिकाले अनुगमन गरी तयार गरेको विवरण देहाय बमोजिम रहेको छ ।

| सिन | पालिमामा दर्ता भएका सहकारी संस्था सख्या | अनुगमन गरेको सहकारी संस्था | अनुगमन वाट देखिएका प्रमूख व्यहोरा | अनुगमन प्रतिवेदन उपर गरेको कारवाही |
|---|---|---|---|---|
| १ | डिभिजन सहकारि वाट हस्तातरण भई आएको सहकारी ३७ | पञ्चशिल बचत तथा ऋण सहकारी संस्था लि साविक भिरपानी१ हाल खाँडादेवी ३ | १)नियामक निकायलाई प्रतिवेदन नबुझाउने<br>२) कोपोमिस (COPOMIS) मा दर्ता नगरेको<br>३) कार्यालय नखोलेका<br>४) बाहिर जिल्लामा दर्ता भएका स सं लि ले पनि बचत कारोबार गरेको<br>५) २०७४ मा डिभिजनसहकारी बाट हस्तातरण भई आएको सहकारीहरुको बिनिमय पुनः लेखन गर्नु पर्ने | |
| २ | पालिका मा दर्ता भएका २३ | सित्खा कृषि सहकारी सस्था लि भिरपानी १ हाल खाँडादेवी ३ | | |
| ३ | ४ वटा सहकारीहरुको बिवरण नभएको | सकृय कृषक उद्यमशिल लघुउद्यमी कृषि सहकारी संस्था लि खाडादेवि ४ | | |
| ४ | | संगम बचत तथा ऋण सहकारी संस्था लि भिरपानी ७ हाल खाँडादेवी ३ | | |

पालिकाले अनुगमनबाट देखिएका व्यहोरा सम्बन्धमा आवश्यक कारवाही गरी सर्वसाधारणको लगानीको सुरक्षण गर्न पहल गर्नुपर्दछ ।

३४ **गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रमः**

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को बुंदा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर सौगात गृह बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ। यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष ८ वटा सिपमूलक तालिम सञ्चालन गरी रकम रु २८६०७६६। खर्च गरेको देखिएको छ । तर उत्पादित सामान वा वस्तुहरु विक्रि गरी राजस्व दाखिला गर्ने तथा विक्रि नभएका सामान तथा वस्तु स्टोर दाखिला गर्ने गरेको नदेखिएकोले पालिकाको यस तर्फ ध्यान जानु जरुरी देखिन्छ ।

३५ **स्यानिटरी प्याड** (२०५-२०८०-३-२३):

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिकचौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु लाई प्रदान गर्ने उद्देश्यले पालिकाले झरना इन्टरप्राइजेज प्राइभेट लिमिटेड बाट ३८१९० थान स्यानिटरी प्याड रु ११४३६०० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

३६ **पढ्दै कमाउदै कार्यक्रम**

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि २०७८ को परिच्छेद ६ दफा ३१ मा उत्पादन तथा सेवा इकाइ र खरिद विक्रि केन्द्रको स्थापना गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष श्री माध्यमिक विद्यालय राकाथुमलाई पढ्दै कमाउँदै कार्यक्रम अन्तर्गत साबुन बनाउने कार्यक्रम वापत रु १००००००। (दस लाख) अनुदान दिएको देखिएको छ । उक्त विद्यालयले साबुन उत्पादन सुरु गरी सकेको देखिएको छ। उत्पादित सामाग्रीको विक्रि वितरण सम्बन्धमा केही प्रबन्ध गरेको देखिँदैन । उत्पादित सामाग्रीको बिक्रिवितरण तर्फ ध्यान जानु जरुरी देखिन्छ ।

३७ **शिक्षा तर्फ अन्य व्यहोरा**

- **विद्यालय र विद्यार्थी संख्या**-पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्

| सि.नं. | विद्यालयको किसिम | विद्यालय संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ४७ | ४३९८ |
| २ | संस्थागत विद्यालय | १ | १४३ |
| | जम्मा | ४८ | ४५४१ |

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विद्यार्थी संख्या ४६३६ रहेकोमा ९६.८६ प्रतिशत सामुदायिक र ३.१४ प्रतिशत विद्यार्थी संस्थागत विद्यालयमा अध्ययनरत रहेको देखिन्छ । सामयुदायिक विद्यालयतर्फका विद्यार्थी को अनुपात धैरै रहेकाले समग्र शैक्षिक गुणस्तर सुधारका लागि सामुदायिक विद्यालयको उचित अनुगमन तथा व्यवस्थापन गर्नु जरुरी देखिन्छ ।

- **सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्ती** - सामुदायिक दरबन्दी र पदपूर्ती आव २०७९।८० मा पालिका भित्रका ४७ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम रहेको छ ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये राहत /करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| सामुदायिक | २७६ | ११० | १६५ | १ |

उक्त विवरण अनुसार पालिकामा जम्मा २७६ दरबन्दी रहेकोमा ११०जना स्थायी पदपूर्ती र१६६जना राहत/करारमा नियुक्त गरी जम्मा २७५पदपूर्ती गरेको देखिन्छ भने लेखापरीक्षणको समयसम्म पनि १ पद रिक्त रहेका छन् । पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

- शिक्षक विद्यार्थि अनुपात - संघीय व्यवस्था अनुसार विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१ पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ ।पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिकवर्ष २०७९/०८० शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| क.स. | विद्यालयको नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी |
|---|---|---|---|---|
| १ | श्री मा.वि. राकाथुम | १५ | ३१९ | २१.२७ |
| २ | श्री गोपी आ.वि. राकाथुम | ३ | ५० | १६.६७ |
| ३ | श्री खाँडादेवी आ.वि.गोपानी | ३ | ३६ | १२ |
| ४ | श्री बागेश्वरी आ.वि.पिपलटार | ७ | १०३ | १४.७१ |
| ५ | श्री भगवती आ.वि.सिखरडाँडा | ३ | २४ | ८ |
| ६ | श्री देवी आ.वि. कोथवे | २ | ४२ | २१ |
| ७ | श्री सरस्वती आ.वि. निगालपानी | ७ | ८६ | १२.२९ |

| | | | | |
|---|---|---|---|---|
| ८. | आधारभूत विद्यालय फङ्याङ | ३ | ४१ | १३.६७ |
| ९ | श्री खाँडादेवी मा.वि.मझुवा | १३ | १५९ | १२.२३ |
| १० | श्री जन्मभूमि आ.वि.आँपचौर | ५ | ९२ | १८.४ |
| ११ | श्री कृष्ण आ.वि.घिचेट | ६ | ६३ | १०.५ |
| १२ | श्री जखनिस्थान आ.वि.सित्खा | ४ | १०३ | २५.७५ |
| १३ | श्री प्रगतिशिल मा.वि.भिरपानी | १० | १४१ | १४.१ |
| १४ | श्री त्रिदेवी आ.वि.भलायखर्क | ३ | १९ | ६.३३ |
| १५ | श्री सुनकोशी आ.वि.डब्खा | ३ | २७ | ९ |
| १६ | श्री सेतीदेवी आ.वि. पुछिघाट | ३ | ३२ | १०.६७ |
| १७ | श्री भीमेश्वर प्रशुन कडेल मा.वि. | १४ | ३५५ | २५.३६ |
| १८ | श्री पकरवास आ.वि.राम्चे | ३ | ४६ | १५.३३ |
| १९ | श्री गणेश आ.वि. सिम्ले | ३ | ४३ | १४.३३ |
| २० | श्री शहिद बाबुराम आ.वि. | १ | १४ | १४ |
| २१ | श्री रक्तमाला आ.वि. | ७ | ८२ | ११.७१ |
| २२ | श्री पशुपति आ.वि.ठाँटी | ३ | ४८ | १६ |
| २३ | श्री प्रयागेशवर मा.वि.पकरवास | १९ | ३५० | १८.७२ |
| २४ | श्री जनकल्याण आ.वि.फुर्केसल्ला | ३ | १७ | ५.६७ |
| २५ | श्री बिष्णुजनज्योति मा.वि.आँगेटार | १५ | २६० | १७.३३ |
| २६ | श्री बुद्धभवानी मा.वि.माकादुम | १३ | १६२ | १२.४६ |
| २७ | श्री कालिदेवी आ.वि.खत्रीगाउँ | २ | २६ | १३ |
| २८ | श्री कालिका प्रा.वि.पात्ले | ३ | ४९ | १३.३३ |
| २९ | श्री खाँडादेवी मा.वि.चोप्राङ | १२ | २४४ | २०.३३ |
| ३० | श्री नवश्रृगार आ.वि. धार्जुक | १ | २३ | २३ |
| ३१ | श्री गौरी शंकर आ.वि. बसेरी | १ | १८ | १८ |
| ३२ | श्री सेतिदेवी आ.वि.गुन्डुगोल | १ | ४ | ४ |
| ३३ | श्री कृष्ण मा.वि.टिमु | १४ | २८२ | २०.१४ |
| ३४ | श्री सुर्योदय आ.वि. | १ | १२ | १२ |
| ३५ | श्री ज्योति मा.वि. गाल्वा | ११ | १७३ | १५.७३ |
| ३६ | श्री बुद्धालय आ.वि.खरिढुङ्गा | ३ | ५३ | १७.६७ |
| ३७ | श्री सरस्वती आ.वि.भन्ज्याङ | १ | १८ | १८ |
| ३८ | श्री महाकालि आ.वि थानसिङ | ३ | ४२ | १४ |
| ३९ | श्री नवबुद्ध आ.वि. गागल | ५ | ५२ | १०.४ |
| ४० | श्री महाकालि जनज्योति आ.वि. | ३ | ४३ | १४.३३ |
| ४१ | श्री आ.वि.चिरङ्खु | १ | १५ | १५ |
| ४२ | श्री भारती मा.वि. | १४ | २२९ | १६.३६ |
| ४३ | श्री कालिकादेवि आ.वि. | ६ | १०३ | १७.१७ |
| ४४ | श्री मनकामना आ.वि.धुले | ३ | ४५ | १५ |
| ४५ | श्री नवदुर्गा आ.वि.भन्ज्याङ | २ | २५ | १२.५ |
| ४६ | श्री गोगने आ.वि. | ६ | ६५ | १०.८३ |
| ४७ | श्री ज्ञानदेवी आ.वि. | १ | १० | १० |
| ४८ | मानेडाँडा मा.वि.पिङखुरी | ११ | ११२ | १०.१८ |
| | औ | २७६ | ४३९८ | १५.९३ |

उपरोक्त विवरण अनुसार विद्यार्थी अनुपात १५.९३ रहेको छ ।

- प्रति विद्यार्थी लागत- **प्रति विद्यार्थी लागत खाँडादेवी गाउँपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक बर्ष २०७९/८० को प्रति विद्यार्थि लागत देहाय बमोजिम रहेको छ ।**

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | २४१३३९००० | २११४६१३३०.७७ | ४६३६ | ९४९४०० |
| जम्मा | २४१३३९००० | २११४६१३३०.७ | ४६३६ | ९४९४०० |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु ९४९४००। रहेको छ ।

- **संस्थागत विद्यालयको छात्रवृत्ति –**

संस्थागत विद्यालयको छात्रवृत्ति खाँडादेवीगाउँपालिकाको शिक्षा ऐन २०७४ को दफा ३८ (२) बमोजिम संस्थागत विद्यालयले कुल विद्यार्थीको १० प्रतिशत छात्रवृत्ति विपन्न एवं सिमान्तकृत विद्यार्थीलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ । छात्रबृत्ति उपलब्ध गराएका विद्यार्थीहरुको नाम थर कक्षा तथा निजको बाबु आमाको नाम थर वतन सहितको विवरण विद्यालयले विद्यालयको सूचना पाटीमा टाँस गर्ने एवं विद्यालयको वेभसाइट भएमा त्यसमा राखी सार्वजनिक गर्नुपर्ने उल्लेख छ ।साथै त्यस्तो विवरण शिक्षा शाखामा समेत पठाउनु पर्ने व्यवस्था रहेको छ पालिकाले तयार पारेको शैक्षिक सत्र २०७९ को विवरण अनुसार संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थी **संख्या निम्नाअनुसार छन्**

| क.सं. | विद्यालय | विद्यालय संख्या | विद्यार्थी संख्या | छात्रबृत्ति प्राप्त गर्नुपर्ने विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | संस्थागत | १ | १४३ | ५७जनाले पाएको |

अत संस्थागत विद्यालयले तोकिए बमोजिम छात्रबृत्ति प्रदान गरे नगरेको सुनिश्चित हुने तर्फ थप ध्यान दिनुपर्ने देखिन्छ ।

- शैक्षिक गुणस्तरः शैक्षिक गुणस्तर खाँडादेवी गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुको २०७९ सालको एस.ई.ई परीक्षामा जम्मा सहभागी विद्यार्थीहरुको नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहायबमोजिम रहेको छ ।

| क.सं. | जिपिए | जम्मा विद्यार्थी | उत्तीर्ण विद्यार्थी संख्या | | उत्तीण प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत |
| १ | ३.६१-४.०० | २०८ | १ | २०७ | | |
| २ | ३.२१-३.६० | २०१ | ९ | १९२ | | १००प्रतिशत |
| जम्मा | | | १० | ३९९ | | |

उल्लेखित तालिका अनुसार३.६१-४.००जिपिए ल्याउने २०८विद्यार्थी मध्ये १जना ३.२१-३.६० जिपिए ल्याउने २०१.विद्यार्थी मध्ये .९ जना मात्र सामुदायिक विद्यालयमा रहेका छन ।

## ३८ कृषि तथा पशुसेवा तर्फः

पालिकामा क्षेत्रगत कार्यक्रम सञ्चालन गर्नको लागि महाशाखा शाखा र उपशाखा को व्यवस्था गरी सोही शाखाको समन्वयमा कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था रहेको छ ।पालिकामा कृषि तथा पशु शाखा भई सो शाखामा सम्बन्धित कर्मचारीको पदपूर्ती पनि देखिन्छ ।पालिकामा आ व २०७९।८० मा कृषि तथा पशुका पालिका स्तरबाट सञ्चालन भएका कार्यक्रम अन्यन्तै न्युन देखिन्छ तर हेफर प्रोजेक्ट संगको सहकार्यमा यो बर्ष कुल रकम रु ९३६६०००।०० बराबरको कार्यक्रम सञ्चालन भई भुक्तानी भएको देखिएको छ ।यसरी पालिकामा जनशक्ति मौजुदा हुदाहुँदै पनि गैरसरकारी संस्थाबाट कार्यक्रम सञ्चालन भएको कुरा अस्वभाविक देखिएको छ ।पालिकामै मौजुदा जनशक्तिको परिचालन गरी तिनै जनशक्तिबाट कार्यक्रम सञ्चालन गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

| क्र.स | कार्यक्रम नाम (कृषि तर्फ) | लाभग्राही | विनियोजित रकम | अनुदान रकम |
|---|---|---|---|---|
| १) | आकाशे पानी ट्याङ्की संकलन | ८ जना कृषक | ३००००० | २४०००० |
| २) | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान | गाँउपालिका भित्रका कृषकहरु | ८५०००० | |
| i) | मकैको बिउ वितरण कार्यक्रम | ४४८ कृषक | | ३५९५७५ |
| ii) | धानको बिउ वितरण कार्यक्रम | १५२ कृषक | | |
| ३) | कृषि विकास कोष कार्यक्रम | | १०००००० | |
| i) | बादर नियन्त्रण कार्यक्रम | २४० जना कृषकहरु | | ५०४००० |
| ii) | फौजी किरा नियन्त्रण | कृषकहरु | | ७५००० |
| ४) | गड्यौला खेती पालिकास्तरिय | | १५०००० | |
| ५) | कृषि प्रसार कार्यक्रम | वडा नं ६८र ९का कृषकहरुलाइरोगकिरा व्यवस्थापन तालिम | २००००० | |
| | जम्मा | | **२५००००० ** | **११७८५७५** |
| | | | | |
| ६) | **हेफर इन्टर्नेस्नलसँग साझेदारी** | | ९३६६००० | |
| i) | आ.वा २०७८/७९ मा स्थापना भएको मकै पकेट विकास कार्यक्रमको निरन्तरता | वडा नं १ मा भएको प्रभावशाली कृषि सहकारी संस्था | ६००००० | ६००००० |
| ii) | नया सुन्तला जात फलफूल बाली पकेट विकास कार्यक्रम संचालन | समसुरनागथामहाङ्ला(वडा नं।८) हाङ्ला(वडा नं।९)कृषि तथा पशुपालन महिला समुह | १२००००० | १२००००० |
| iii) | गोठ निर्माण कार्यक्रम | गाँउपालिका भरि ९५ गोठ निर्माण भई ९५ कृषकले लाभ लिएको। | | २३६७९९० |
| iv) | बोयर बोका वितरण कार्यक्रम | १० वटा बोका ९ वटा वडामा | | ३९०००० |
| V) | मेवा पकेट स्थापना कार्यक्रम | वडा नं . ४७ र ८ मा संचालित | | ६१३४१९ |
| vi) | घासको बिउ १३० केजि/बेर्ना ८५०० वितरण | १२९० | | ३८६२०० |

| | | | | |
|---|---|---|---|---|
| vii) | ग्रामीन पशु स्वास्थ्य कार्यकर्तालाई साम्रागी वितरण | हरेक वडाका १ जना (९ जनालाई वितरण) | | २७०००० |
| viii) | पशुको लागी औषधि खरिद कार्यक्रम | | | ३४२०४५ |
| ix) | Lumpy skin disease vaccine program | | | ७९५४५६ |
| | **जम्मा** | | ९३६६०० ० | ६९६५११० |

| **क्र.स** | **कार्यक्रम नाम** | **लाभग्राही** | **विनियोजित रकम** |
|---|---|---|---|
| | | | |
| १) | रेबिज नियन्त्रण कार्यक्रम | सबै वडाका कृषकहरु लाभग्राही | २००००० |
| २) | पशु सेवा प्रसार कार्यक्रम | वडा न. २५६ र ८ मा संचालित | २००००० |
| ३) | पशु स्वास्थ्य र खोप कार्यक्रम | सबै वडा | ९००००० |
| | जम्मा | | १३००००० |

- **विगत वर्षको अनुदानः** पालिकाले विगत वर्षमा दिएको अनुदानको व्यहोरा हरु निम्नानुसार रहेका छन् ।

| **क्र स** | **अनुदान दिएको आर्थिक वर्ष** | **अनुदानको क्षेत्र** | **कार्यक्रम संख्या** | **कार्यक्रमको नाम** | **अनुदान रकम** | **अनुदान उपयोगको अवस्था** |
|---|---|---|---|---|---|---|
| | **०७८/७९** | **कृषि** | | आ.व २०७७/७८ मा स्थापना भएको बाखाको साना किसान व्यवसायिक कृषि उत्पाउन केन्द्र विकास निरन्तरता | ७००००० | हाल यो कार्क्रमबाट समुहहरूले लाभ लिरहेका छन्। |
| | **०७८/७९** | **कृषि** | | मकै बालीको पकेट विकास कार्यक्रम | १२००००० | हाल वडा न १ को सहाकारिले पकेटबाट उत्पादन भएको मकै बिक्रि गरेर आम्दानी लिइरहेका छन्। |
| | **०७८/७९** | **कृषि** | | आकाशे पानी संकलन तथा ट्याङकी निर्माण | ४००००० | हाल किसानहरुले ट्याङकि निर्माण गरेर कृषि लागी उपयोग गरिरहेका छन्। |
| | ०७८/७९ | पशु | | गोठे/खोर भकारो सुधार कार्यक्रम | ४०००००० | व्यवस्थित खोर गोठको कारण पशुको स्यास्थय र तौलमा वृद्धि भएको र प्रजन्न दरमा सुधार भएको |

३९ **एक विद्यालय एक उद्यम कार्यक्रमः**

पालिका अन्तर्गतका जम्मा ९ वटा विद्यालयमा एक विद्यालय एक उद्यम कार्यक्रम सञ्चालन गर्नको लागि संघिय सरकारबाट विनियोजित रकम निकासा गरेको देखिएको छ ।उक्त रकमबाट विद्यालयहरुले सञ्चालन गरेको उद्यमबाट खर्च तथा आम्दानी को तुलनात्मक रुपमा लाभ लागत विश्लेषण गरी सोको उपयोगको सम्बन्धमा प्रभावकारी व्यवस्थापन गर्न तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

| क स | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | खाँडादेवी माध्यामिक विद्यालय मझुवा | १०७२०० |
| २ | भिमेश्वर प्रसुन कडेल मा वि रजगाँउ | ३०२६२० |
| ३ | नववुद्द आधारभूत विद्यालय गागल | ४८५००० |
| ४ | कृष्ण माध्यामिक विद्यालय टीमु | ५००००० |
| ५ | प्रगतीशील मा वि भिरपानी | ५००००० |
| ६ | जन्मभूमि आधारभूत विद्यालय आँपचौर | ५००००० |
| ७ | खाँडादेवी मा वि चोप्राङ | ९९००० |
| ८ | कालिकादेवी आधारभूत विद्यालय सिमखानी | २०१७२० |
| | | **२६९५५४०** |

४० स्वास्थ्य शिविर कार्यक्रमः

.......... *(प्रारम्भिक प्रतिवेदन उपर बेरुजु रकम असुल भई दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।११।०३ को निर्णयबाट रु.३१००० सम्परीक्षण गरिएको ।)*

४१ **स्वास्थ्य तर्फ दरबन्दी र पदपूर्ती**

पालिकामा आर्थिक वर्ष २०७९।८० मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ ।

| **स्वास्थ्य संस्थाको किसिम** | **स्वास्थ्य संस्थाको संख्या** | **दरबन्दी** | **पदपूर्ती** | **सेवाग्राहीको संख्या** | **औषधी वितरण रु** |
|---|---|---|---|---|---|
| अस्पताल | ० | | | | ४५४३०८७.९४ |
| स्वास्थ्य चौकी | ८ | ५० | ५० | ३०१८४ | |
| आधारभूत स्वास्थ्य केन्द्र | १ | ३ | ३ | | |
| सामुदायिक स्वास्थ्य इकाइ | ४ | १२ | १२ | | |
| स्वास्थ्य शाखा | १ | २ | २ | | |

४२ **उपभोक्ताको सहभागिता**

उपभोक्ता समितिबाट निर्माण भएका कार्यहरुमा विभिन्न निर्माण सामाग्रीहरु खरिद पनि उपभोक्ता बाट खरिद गरेको भनी कार्यसम्पन्नको लागत सहभागितामा उपभोक्ताको योगदान देखाइएको छ।सार्वजनिक खरिद नियमावली २०६४

नियम ९७ मा श्रममुलक कार्यमा मात्र उनीहरुको योगदान रहने र निर्माण जन्य सामाग्री खरिद गर्ने अबस्थामा उपभोक्ता समितिको खातामा रकम जम्मा गरेको भौचर स्पष्ट रुपमा श्रेस्तामा समावेश गरिनुपर्छ । अन्यथा उपभोक्ताले सामाग्री खरिदमा योगदानमा आस्वस्थता हुने आधार देखिदैन । निम्न उपभोक्ता समितिबाट निम्नानुसार निर्माण गरेको कार्यहरुमा उपभोक्ता समितिमा रकम जम्मा गरेको देखिदैन तर सामाग्री खरिदमा योगदान देखाई रकम भुक्तानी सोही बमोजिम भएको देखिन्छ । केही उदाहरण

| गो.भौ.नं | वजेट उपशिर्षक | कार्यक्रम | रकम | उपभोक्ताको सहभागित | सामाग्री खरिदमा सहभागीता |
|---|---|---|---|---|---|
| ६६ | संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम | मझुवा खाने पानी | ९७०००० | ९७००० | ५१५०० |
| ७२ | संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम | लिफ्ट खानेपानी | ३०००००० | ३४२०१० | ६८८५१ |
| ११ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | घट्टेखोला धारापानी | २५००००० | १६५१२२ | ६३७६९ |

यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ।

## ४३ योजना

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना तथा कार्यक्रम बनाउँदा सहभागितमूलक उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वायन गरेका योजना तथा कार्यक्रमहरुको विवरण देहाए बमोजिम रहेको छ ।

| **क.सं.** | **विवरण** | **योजनासंख्या** | **रकम** |
|---|---|---|---|
| १ | रू.१ लाख देखि रू.५ लाख सम्मका योजना | ३४३ | ५६०५७७८३।१५ |
| ४ | रु.५ लाखदेखि माथि रू.१० लाख सम्मका योजना | ३४ | २५३३१९४८।६७ |
| ५ | रू.१० लाख देखि माथि रू.५० लाख सम्मका योजना | ३४९ | ४३००१०२५।३१ |
| ६ | रू.२५ लाख भन्दा माथीका योजना | १२ | ६२६५४२४३.३३ |
| | **जम्मा** | | १८७०४५००० |

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठुला र प्राथमिकता प्राप्त योजनामा ध्यान दिनुपर्दछ ।

## ४४ निर्माण कार्य व्यवस्थापन

पालिकाले आर्थिक वर्ष २०७९।८० मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ ।

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| ३५० | ५ | रु.४८३१०७१५।२३ | ३४५ | १२७९२७६९३।५२ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ३५० योजनामा मध्ये ठेक्का मार्फत ५ वटा योजनामा रु ४ करोड ८३ लाख १० हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ३४५ योजनामा रु१२ करोड ७९ लाख २७ हजार खर्च गरेको छ । अर्थात ३४५ योजनामा भएको खर्च मध्ये १.४५ प्रतिशत ठेक्का प्रक्रिया र ९८.५५ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली निर्माण कार्यको गुणस्तर सोको दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरु को समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

## ४५ खरिद व्यवस्थापन

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्य | रकम |
| बोलपत्रबाट | ५ | रु.४८३१०७१५.२३ | ० | ० | ४ | रु.४१३७७६५०.६८ | १ | रु.६९३३०६४.५५ | ५ | रु. ४८३१०७१५.२३ |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी रू.४ करोड ८३ लाख १० हजार लागतको५ ठेक्का वन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा खर्च नै नभएको दोश्रो चौमासिकमा रु.४ करोड १३ लाख ७७ हजार खर्च र तेश्रो चौमासिकमा रु.६९ लाख ३३ हजारको ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्त सम्ममा रू ४ करोड ८३ लाख १० हजार बराबरको ठेक्का मात्र सम्पन्न भएको अवस्था छ ।यसरी अन्तिम चौमासिक वा वर्षान्तमा बढी कार्यक्रम सञ्चालन गर्दा आउन सक्ने नकारात्मक स्थिति तर्फ ध्यान दिनुपर्दछ ।

## ४६ परामर्श सेवा

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने भएमा र वढि दक्षता आवश्यक पर्ने भएमा लागत अनुगमान तयार गरी प्रतिस्पर्धात्मक माध्यमबाट परामर्श सेवा खरिद गर्नुपर्ने व्यवस्था छ । नमुनाका आधारमा छनौट भएका देहाय अनुसारका कार्यमा पालिकाले प्रतिस्पर्धा नगराई सोझै परामर्श सेवा खरिद गरी रु १३ लाख ९५ हजार गरेको छ ।पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालिन पूँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी

उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यका लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गर्नुपर्नेमा सो गरेको देखिएन ।पालिकाले परामर्शदाताबाट गराएका कामको विवरण देहाय वमोजिम छ -

| क्र.स. | कामको विवरण | परार्मशदाताको नाम | लागत अनुमान रु. | सम्झौता रकम रु. | घटी प्रतिशत | खरिद विधि |
|---|---|---|---|---|---|---|
| १ | IEE | इनिसियटिभ फर नेचर युटीलाइजेसन प्रालि | ४९५०००। | ४९५०००। | ०.०० | सोझै कोटेसन |
| २ | जग्गा वर्गीकरण | थेम्प्रिङ लायकु इन्जिनियरिङ्ग कन्सलटेन्सी प्रालि | ८०००००। | ८०००००। | ०.०० | सोझै कोटेसन |
| ३ | सित्खा टोड्के मझुवा मावि हुँदै रायागाउँ सडक | लामा कन्ट्रक्सन इन्जिनियरिङ्ग प्रालि | १०००००। | १०००००। | ०.०० | सोझै कोटेसन |
| | | | जम्मा रकम | १३९५००० | | |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जग्गा वर्गीकरण. लगायतका कार्यमा सोझै खरिद विधिबाट. ३ वटा सेवा खरिदका लागि जम्मा रु.१३९५००० को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु.१३९५००० भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औसतमा शुन्य प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परामर्श सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ।

४७ **१५ शय्या अस्पताल**

संघीय सरकारको नीति अनुरुप प्रत्येक पालिकामा जनसंख्याका आधारमा १० तथा १५ शय्याको अस्पताल निर्माण गर्ने कार्यक्रम अनुसार २०७७/७८ मा पालिकाले अस्पताल भवन निर्माणका लागि बोलपत्र आह्वान गरी आत्रेय/शिवाको/बस्नेत जे.भी निर्माण सेवालाई कार्यदिश दिएको देखिन्छ।कार्यदिश बमोजिम उक्त निर्माण सेवाले २०७९।३।३० मा कार्यसम्पन्न गर्नुपर्नेमा हालसम्म करिब ६० प्रतिशत मात्र कार्यसम्पन्न भएको छ । बाँकी कार्य सम्पन्नको लागि निर्माण व्यवसायीले म्याद थप पनि गरेको देखिँदैन । हाल भवन निर्माण कार्य बन्द भएको पालिकाको भनाई रहेको छ । अस्पताल निर्माण सम्बन्धी अन्य व्यहोरा निम्नानुसार रहेका छन्।

४७.१ अस्पताल निर्माणकै क्रममा रहेको अवस्थामा यस आर्थिक वर्षमा अस्पतालका लागि आवश्यक सामाग्री भनी प्रदेश सरकार चालु कार्यक्रमबाट पालिकाले रु ७१७९११६ मुल्य बराबरको सामाग्री खरिद गरेको छ । सामाग्रीहरु हाल पालिका अन्तर्गतकै स्वास्थ्य संस्थामा प्रयोगमा रहेको पालकाले जानकारी दिएको छ । साथै अस्तपताल निर्माण नै नभई निर्माणका लागि सामान खरिद गर्ने कार्यले खरिद गरिएको उपकरण बीना उपयोग रहने र बिग्रने संभावना हुने हुनाले यो कार्य उपयुक्त देखिएन ।

४७.२ उक्त बोलपत्र हिम शिखर वायोमेडिकल्स प्रा लि लाई परेकोमा उक्त प्रा लि.सँग मिति २०८०।३।२० मा गरिएको सम्झौता बमोजिम सम्पूर्ण सामानको जडान पश्चात मात्र भुक्तानी दिनुपर्नेमा सामान खरिदकै समयमा भुक्तानी गरेको पाइयो ।हाल खरिद गरिएका १ थान USG Machine Portable (रु १४ लाख) सहितका सामान भण्डारमा थन्किएर रहेको अवस्था छ । सामान जडान पश्चात सामानको संचालनको अवस्था परीक्षण पश्चात मात्र भुक्तानी दिनु पदर्छ ।यसरी अस्पताल निर्माण नसकिंदै सामान खरिद गरेको तथा सम्झौताको शर्त बमोजिम उपकरणको जडान पश्चात मात्र भुक्तानी दिनुपर्नेमा खरिद पश्चात दिएकोलाई नियमित मान्न सकिंदैन ।

४७.३ बोलपत्रद्वारा गरिएको खरिदमा तीन वटा व्यवसायीबाट दररेट मागी उक्त दररेटमा औषत गर्दा आउने रकमलाई लागत अनुमान कायम गरेको देखिन्छ । लागत अनुमानमा खरिद गरिने मेशिनरी उपकरण तथा अन्य सामाग्रीको स्पष्ट स्पेसिफिकेशन सामानको फिचर नराखेकोले लागत अनुमान ययार्थपरक भएको मान्न सकिने आधार देखिएन। यस्तो खरिदले प्राप्त हुने मालसामान समेत तोकिएको स्पेशिफिकेसन तथा गुणस्तरको भए नभएको यकिन गर्न समस्या हुने हुँदा यसमा सुधार हुनुपर्दछ ।

४८ **१५ शय्या क्रमशः**

त्यसैगरी अस्पतालको निर्माण कार्य सम्पन्न गर्नका लागि लागी चालु आ. व मा गाउँपालिकाको आन्तरीक स्रोतबाट रु १ करोड ३० लाख छुट्याइएकोमा उक्त बजेट रकमान्तर गरी जनतासंग मेयर लगायतका विभिन्न कार्यक्रममा खर्च भएको देखिन्छ । सोही शीर्षकबाट कार्यपालिकाको बैठकको माइन्युटमा उल्लेख गरी सो बमोजिम कृषि तथा पशुतर्फ कार्य गरेको हेफर प्रोजेक्ट नेपाललाई १९२१०००।०० भुक्तानी गरेको छ । त्यस्तै अन्य विभिन्न शीर्षकमा खर्च गरिएको छ । सो सम्बन्धमा देखिएका थप व्यहोरा निम्न रहेका छन्

४८.१ (२६४-२०८०-२-३):

Nepal Red Cross Society रामेछाप जिल्ला शाखालाई blood bank व्यवस्थापनका लागि लागत साझेदारी सम्झौता गरी रु १०००००।०० भुक्तानी गरेको छ ।उक्त सम्झौताको शर्त ७ बमोजिम कार्य सम्पन्न गरी सोको प्रतिवेदन गाउँपालिकालाई उपलब्ध गराउनुपर्नेमा सो पेश गरेको पाइएन । उक्त खर्चको प्रतिवेदन पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १००००० |

४८.२ (४३१-२०८०-३-२४):

बुद्धभूमि निर्माण सेवालाई भुक्तानी गरी कर समेत रु ५३३३५३।०० खर्च लेखेको छ । सो भुक्तानीको प्रयोजन खुल्ने कागजात पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५३३३५३ |

४८.३ गोश्वारा भौचर नं २४३ मिति २०८०।१।२० बाट खानेपानी पाइप खरिद योजनाका नाममा सूर्यवंशी हार्डवेयर (६००१७३५५१) बाट अध्यक्षको तोकादेशका आधारमा HDPE पाइप २२९७५ मिटरको प्रति मिटर रु. ३६।४० का दरले खरिद गरेको जनाई मूल्य अभिवृद्धि कर समेत रु ९४५००७।०० खर्च लेखेको छ । उक्त खरिद कार्य गर्दा मौजुदा सुचीमा रहेका कम्तीमा तीन फर्मसँग दर मागी न्युनतम दरमा खरिद गर्नु पर्नेमा विना प्रतिस्पर्धा खरिद गरेको कार्य नियमित मान्न सकिँदैन । त्यस्तै उक्त पाइप पालिकाको स्टोरमा दाखिला गरेको समेत पाइएन । उक्त पाइप कहाँ कुन योजनामा प्रयोग भयो सो को प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९४५००७ |

४८.४ (२६७-२०८०-२-३):

अध्यक्षको तोक आदेश बमोजिम अध्यक्षको सचिवालय प्रयोजनका लागि साथी ट्रेडिङ इन्टरनेशनल प्रा लि (३०११९८४४६) लाई डेस्कटप कम्प्युटर Editing Ryzen 5 processor १ थान का लागि रु १८३०६०।०० भुक्तानी गरेको छ । उक्त खरिद कार्य गर्दा मौजुदा सुचीमा रहेका कम्तीमा तीन फर्मसँग दर मागी न्युनतम दरमा खरिद गर्नु पर्नेमा विना प्रतिस्पर्धा खरिद गरेको छ । यसरी सभाले एक प्रयोजनका लागि बजेटमा समावेश गरेको रकम अध्यक्षको एकल निर्णयले व्यक्तिगत प्रयोजनका लागि सामाग्री खरिद गर्ने तथा खरिदमा सार्वजनिक खरिद ऐन बमोजिमको व्यवस्था पालना नगर्ने कार्य नियमसंगत मान्न सकिएन रु

| | |
|---|---|
| अनियमित भएको | १८३०६० |

४८.५ (४२६-२०८०-३-२४):

खेल मैदान निर्माणका लागि तार जाली खरिद गरेको जनाई रु १७६९१४।०० खर्च लेखेको छ । मामा भान्जा हार्डवेयर एण्ड सप्लायर्स (६००९५९२८७) लाई रु १७४५६६।०० भुक्तानी गरेकोमा खरिद गरिएको सामाग्री स्टोरमा दाखिला भएको छैन । १ २ ४ र ५ नं वडाका वडाध्यक्षले सामान बुझेको देखिए पनि उक्त सामान प्रयोगको अवस्था खुल्ने प्रमाण पेश हुन नआएकोले सो पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७४५६६ |

४९ **सामाजिक सुरक्षा तर्फ**

✍ ........... *(प्रारम्भिक प्रतिवेदन उपर बेरुजु रकम असुल भई दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।०१ को निर्णयबाट रु.७५८०२.५९ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५० **स्मार्ट चौतारा**

पालिकाले जनतासंग अध्यक्ष कार्यक्रमवाट विभिन्न १४ स्थानमा स्मार्ट चौतारा निर्माण कार्यको मिति २०८०।३।२३ गौ भौ न ७४९ बाट रु ६४२७२७ ईलेक्ट्रिसियन श्री नविन श्रेष्ठ मार्फत भुक्तानी गरेको देखिन्छ ।पालिकाको विभिन्न स्थानमा जेष्ठ नागरिक लगायतका लागि वाइफाइ राउटर टेलिफोन इन्भटर सोलार सिसि क्यामेरा मोवाइल चार्जर वत्ति वाटर प्युरीफायर लगायतको खरिद गरी जडान गरेको विल भर्पाइ पेश गरी खर्च गरेकोमा खर्च गर्दा खरिद योजना लागत अनुमानवडा सिफारीसअनुगमन प्रतिवेदन तथा कार्य सम्पन्न प्रतिवेदन लगायत कागजात पेश गरेको देखिदैन।यसरी खर्च गर्दा नियमानुसार नर्म्सको पालना गरि लागत अनुमान तयार गरी सोही बमोजिम भुक्तानी गर्नुपर्दछ।

५१ **विमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक दश लाख रुपैयाँ भन्दा बढीको निर्माण कार्य गर्दा विमा गराउनुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुबाट गरेका कार्यहरुमा व्यक्तिगत दुर्घटना उपकरण र गरिने कामको वीमा गर्नुपर्नेमा निर्माण व्यवसायीले गर्ने काममा विल अफ क्वाण्टिटिमा बिमा राखे पनि बिमा नगराएको तथा उपभोक्ता समितिहरुले गर्ने काममा विमा सम्बन्धी प्रावधान नै राखेको देखिएन । निर्माण कार्यको जोखीम न्युनिकरणमा असर पर्न नदिन नियम वमोजिम वीमा गराउने कार्य अनिवार्य गर्नुपर्दछ ।

५२ **व्यक्तिको नाउँमा भुक्तानी**

सरकारी खाता संचालन निर्देशिका २०७६ मा खर्च भएको रकम सम्बन्धित पार्टीको नाउँमा जम्मा हुने व्यबस्था रहेको छ । पालिकाले निम्न भौचरबाट रकम खर्च गर्दा विभिन्न कर्मचारी / व्यक्तिको नाउँमा भुक्तानी गरेको देखिन्छ। केही उदाहरणः

| गो.भौ.नं | खर्च शिर्षक | रकम | रकम लिने व्यक्ति |
|---|---|---|---|
| ४५०/०८०।२।९ | वडा नं ७ मा टेवल कुर्सी खरिद तथा अन्य सामाग्री खरिद | ९८००० | दिनेश लामा |
| ४९६/८०।२।२५ | इन्धन वापतको रकम | ८५००० | विपिन वोहोरा |
| ५४९/०८०।३।६ | धार्मिक साउण्ड सिस्टम खरिद | ५०००० | ओम बहादुर बोहरा |
| ७०३/०८०।३।२२ | सार्वजनिक सुनुवाई लगायतका कार्यको लागी | २५०००० | नवराज ओझा |
| ७४९/८०।३।२३ | स्मार्ट चौतारी | ६४२७२७ | नविन श्रेष्ठ |

वित्तीय अनुशासन र खर्च प्रणालीलाई व्यवस्थित गर्नका लागि नियमानुसार सम्बन्धित आपूर्तिकर्ताको नाउँबाटै भुक्तानी हुने व्यबस्था गर्नुपर्दछ ।

५३ **१५ शैय्या अस्पताल**

संघीय सरकारको नीति अनुरुप प्रत्येक पालिकामा जनसख्याका आधारमा १० तथा १५ शैयाको अस्पताल निर्माण गर्ने कार्यक्रम अनुसार २०७७/७८ मा पालिकाले अस्पताल भवन निर्माणका लागि बोलपत्र आह्यान गरी आत्रेय/शिवाको/बस्नेत जे.भी निर्माण सेवालाई कार्यादिश दिएको देखिन्छ। कार्यादिश बमोजिम उक्त निर्माण सेवाले २०७९।३।३० मा कार्यसम्पन्न गर्नुपर्नेमा हालसम्म करिब ६० प्रतिशत मात्र कार्यसम्पन्न भएको छ । बाँकी कार्य सम्पन्नको लागि निर्माण व्यवसायीले म्याद थप पनि गरेको देखिँदैन । हाल भवन निर्माण कार्य बन्द भएको पालिकाको भनाई रहेको छ ।अस्पताल निर्माण सम्बन्धी अन्य व्यहोरा निम्नानुसार रहेका छन्।

- अस्पताल निर्माणकै क्रममा रहेको अवस्थामा यस आर्थिक वर्षमा अस्पतालका लागि आवश्यक सामाग्री भनी प्रदेश सरकार चालु कार्यक्रमबाट पालिकाले रु ७१७९११६ मुल्य बराबरको सामाग्री खरिद गरेको छ ।बोलपत्र द्धारा गरिएको खरिदमा तीन वटा व्यवसायीबाट दररेट मागी उक्त दररेटमा औषत गर्दा आउने रकमलाई लागत अनुमान कायम गरेको देखिन्छ । लागत अनुमानमा खरिद गरिने मेशिनरी उपकरण तथा अन्य सामाग्रीको स्पष्ट स्पेसिफिकेशन सामानको फिचर नराखेकोले लागत अनुमान ययार्थपरक भएको मान्न सकिने आधार देखिएन। यस्तो खरिदले प्राप्त हुने मालसामान समेत तोकिएको स्पेशिफिकेसन तथा गुणस्तरको भए नभएको यकिन गर्न समस्या हुने हुँदा यसमा सुधार हुनुपर्दछ ।
- उक्त बोलपत्र हिम शिखर वायोमेडिकल्स प्रा लि लाई परेकोमा उक्त प्रा लि.सँग मिति २०८०।३।२० मा गरिएको सम्झौता बमोजिम सम्पूर्ण सामानको जडान पश्चात मात्र भुक्तानी दिनुपर्नेमा सामान खरिदकै समयमा भुक्तानी गरेको पाइयो ।हाल खरिद गरिएका १ थान USG Machine Portable (रु १४ लाख) सहितका सामान भण्डारमा थन्किएर रहेको अवस्था छ । सामान जडान पश्चात सामानको संचालनको अवस्था परीक्षण पश्चात मात्र भुक्तानी दिनु पदर्छ ।यसरी अस्पताल निर्माण नसकिँदै सामान खरिद गरेको तथा सम्झौताको शर्त बमोजिम उपकरणको जडान पश्चात मात्र भुक्तानी दिनुपर्नेमा खरिद पश्चात दिएकोलाई नियमित मान्न सकिँदैन रु

| | |
|---|---|
| अनियमित भएको | ७१७९११६ |

५४ **नमूना विद्यालय**

✂ .......... *(प्रारम्भिक प्रतिवेदनको दफा ६० मा बेरुजु रकम दोहोरिन गएकोले यो दफा हटाइएको छ ।)*

५५ **वरवोट वडा कार्यालय पिङ्गुरी सडक स्तरन्नोति उपभोक्ता समिति**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर बेरुजु रकम असुल भई दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२० को निर्णयबाट रु.५०९३० सम्परीक्षण गरिएको ।)*

## ५६ प्रधानमन्त्री रोजगार कार्यक्रम

बेरोजगार जनतालाई निर्वाहमुखिको १०० दिन सम्म बर्षभरीमा रोजगारी दिने उद्देश्यले संघ सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा ल्याएको हो ।पालिकाले आ व २०७९।८० मा कुल बजेट ७२२९८१९ मध्ये रु.५२२८८००।०० खर्च गरी न्युनतम ४० दिन र अधिकतम १०० दिन सम्म को रोजगारी सिर्जना गरेको देखिएको छ । रोजगारी दिएका मध्ये अधिकांश रोजगारी पार्कनहर सरसफाई र होस्टेलमा खाना पकाउने जस्ता कार्य बापत भुक्तानी दिएको देखिन्छ । यस्ता कार्यक्रम भन्दा वातावरीय र भविष्यमा दिगोपना आउने खालका कार्यक्रम सञ्चालन गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

## ५७ फूलपाति खोलाधारी पिपलटारी सडक उपभोक्ता समिति

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३७ तथा नियम ९७ बमोजिम कुनै पनि रकम खर्च गर्दा त्यसलाई पुष्टी हुने कागजात विल भरपाई हुनु पर्दछ । प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम भौचर नं १९ फूलपाति खोलाधारी पिपलटारी सडक उपभोक्ता समितिले १.८६ किलोमिटर सडक स्तरन्नोतिको लागि पालिकाको ५० लाख तथा उपभोक्ताको ५६९३३४ सहित जम्मा ५५६९३३४ मा लागत तयार भइ मिति २०७९।१०।१० मा सम्झोता भएको देखिन्छ।कार्यसम्पन्न प्रतिवेदन अनुसार स्तरोन्नतीका लागि प्रयोग भएको एक्साभेटर खर्च १७०८७१९ हुनुपर्नेमा अन्तिम विल बमोजिम १७९९९९८ भुक्तानी भएकोले वास्तविक कार्य भन्दा बढी भएको भुक्तानी रकम उपभोक्ता समितिबाट असुल गरी दाखिला हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९१२७९ |

## ५८ झोलुङ्गे पुल

आयकर ऐन २०५८ को दफा ८८ मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज प्राकृतिक स्रोत भाडा रोयल्टी सेवा शुल्क भुक्तानी गर्दा कूल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ ।झोलुङ्गे पुल रणनीति २०६२ को दफा ६.४ एवं पालिका र परामर्शदाता संस्था डिप्रोक्स नेपाल बीच भएको सम्झौता बमोजिम प्रत्येक कार्यसम्पन्न बिल बमोजिमको ६ प्रतिशत रकम सेवा शुल्क बापत उक्त संस्थालाई बुझाउनु पर्ने उल्लेख छ । संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत भौचर नं ६१ बाट उक्त संस्थाले रु. २३४५०९।०० भुक्तानी लगेकोमा सेवा शुल्कमा कर कट्टा नगरेकोले अग्रिम कर कट्टा बाहेकको रु ३१६५८।७० सम्बन्धित बाट असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१६५९ |

५९ **विशेष कार्यक्रम**

अति सिमान्तकृतका लागि संघीय सरकार विशेष कार्यक्रममा पालिकाले नै पेश गरेको २ बर्षे कार्ययोजना अन्तर्गत गत आ.व देखि गाउँपालिकामा रकम अनुदान प्रदान गर्दै आएकोमा यस आ.वको विनियोजित बजेटबाट विभिन्न सामाग्रीको खरिद गर्न जुन २१ २०२३ मा सम्झौता भएको पाइयो ।विशेप अनुदानको रकम प्रस्ताव स्वीकृतिका बखत जे जेमा खर्च गर्नुपर्ने हो सो भन्दा अन्य सामाग्री खरिद गरेको विलबाट प्रष्ट देखिन्छ ।त्यसैगरी विभिन्न बाह्य विद्यालयलाई उक्त सामाग्री वितरण गर्ने निर्णय गरिएकोमा हालसम्म पालिकाको जिन्सी खातामा खरिद गरिएका सामाग्री दाखिला गरेको पाइएन। सामाग्री पालिकाको जिन्सी अभिलेख गराई विद्यालयलाई हस्तान्तरण तथा उक्त विद्यालयले आफ्नो खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५५८७२८५ |

६० **नमुना विद्यालय**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ५१ बमोजिम जिम्मेवार व्यक्तिले ऐन बमोजिमको रित पुर्याई लेखा अद्यावधिक रुपमा राख्नु पर्ने व्यवस्था छ । केन्द्रबाट छनौट भएका नमुना विद्यालय कार्यक्रम अन्तर्गत यस पालिकामा विष्णु जनज्योति मा. वि छनौट भएकोमा घ वर्गको नमुना विद्यालयको ५ वर्षे गुरुयोजना पालिकाले स्वीकृत गरेको छ । उक्त विद्यालयको खर्च भुक्तानी सम्बन्धी व्यहोरा निम्नानुसार रहेका छन् ।

६०.१ विद्यालयले रु ३०६४०७७८ को बोलपत्र जारी गरी क्याटिन र प्रशासकिय भवनको लागि दरखास्त आह्वान गरेकोमा ए.एम / पाइन्स जे.भि ले भ्याट तथा पि.एस सहित रु २२४७५६७० मा बोलपत्र स्वीकार गरेको पाइयो । गत आ.व मा गुरुयोजना तथा लागत अनुमान तयार गरेको वापत रु ५ लाख इन्जिनियरको घर प्रा.लि लाई भुक्तानी भइसकेको छ भने विद्यालयको खातामा पेश्की रकम भनी रु १४५०००० रकम भुक्तानी गरी उक्त खातालाई पालिकाले नै रोक्का गरी राखेको देखिन्छ । मिति २०७८।११।२५ मा विद्यालयले नै ठेक्का सम्झौता गरेकोमा यस आ.व मा संघीय सरकारद्वारा हस्तान्तरित कार्यक्रमका गोश्वार भौचर नम्बर ७ ३२ ८४ ८५ ८६ बाट पेश्की फछ्यौंट तथा रकम भुक्तानी भएको सुत्र सफ्टवेयरबाट देखिन्छ । तर लेखापरीक्षणका क्रममा उक्त ७ र ३२ नम्बर भौचरहरु बाहेक अन्य भौचर उपलब्ध हुन नसकेकोले रकम के कति भुक्तानी भएको र पेश्की फछ्यौट बाँकी रकम यकिन गर्न सकिएन । अघिल्लो आर्थिक वर्षको पेश्की फछ्यौटको विवरण खुल्ने कागजात पेश गर्नुपर्ने सुत्रानुसार भुक्तान भएको रकम विद्यालय ले निर्माण व्यबसायिलाई दिएको रकम पुष्टी गर्ने कागजात पेश गर्नुपर्दछ रु.

| | |
|---|---|
| पेश्की | १४५००० |

६०.२ उक्त बोलपत्र रु २ करोड भन्दा बढी रकमको भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम पहिला प्राविधिक प्रस्ताव माग गरी प्राविधिक प्रस्तावमा योग्य भई छनौट भएका फर्मलाई मात्र आर्थिक

प्रस्तावको प्रतिस्पर्धामा सहभागी गराउनु पर्नेमा प्राविधिक प्रस्ताव माग गरेको देखिँदैन । ऐन तथा नियमावलीको प्रावधानको पालना हुनुपर्दछ ।

६०.३ उक्त योजनाका लागि लागत अनुमान र गुरुयोजना तयार पार्न परामर्शदातालाई भुक्तानी गरिसके पश्चात पुनः रु.२७५०००।०० भुक्तानी गरेको छ । साथै विभिन्न व्यवस्थापकीय खर्च भनी रु १५०६५०।०० खर्च गरेको देखिन्छ । कार्यपालिकाबाट स्वीकृत गराई विद्यालयको शुरुको डिजाइन परिवर्तन भएको र करिब १० प्रतिशत भन्दा बढी रकम भेरिएसन जारी भएको जनाएतापनि शुरुको लागत अनुमान Bill of Quantity पेश नगरेकोले कार्यपालिकाबाट स्वीकृत गराइएको प्रतिक्रया दिए पनि शुरुवातको लागत अनुमान ले.प का क्रममा पेश भएन । एकपटक खर्च भईसकेको विषयमा पुनः खर्च गर्नुपर्नाको औचित्य स्पष्ट नभएकोले उक्त खर्च नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४२५६५० |

६०.४ सार्वजनिक खरिद नियमावली २०६४ अनुसार ठेक्का रकम लागत अनुमानको २५ प्रतिशत भन्दा बढी घटेको अवस्थामा नियमानुसार कार्यसम्पादन जमानत रु २५८२४४८ राख्नुपर्नेमा जम्मा रु १९७५००० मात्र राखेकोले राख्नुपर्ने रकम भन्दा रु ६०७४४९। कम रकमको कार्य सम्पादन जमानत देखिन्छ । उक्त रकम बराबरको कार्य सम्पादन जमानत पेश हुनुपर्ने देखिन्छ रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६०७४४९ |

६१ **एकीकृत माझी वस्ती**

पर्यटकीय स्थलका रुपमा तयार गरी माझी समुदायको उत्थानको उद्देश्यका साथ बागमति प्रदेश सरकारसँग साझेदारी गरी माझी समुदायले भोगचलन गरी आएको २६ रोपनी जग्गामा एक सभा हलसमेत ४२ वटा २ कोठे भवन निर्माण भएको तथा उक्त वस्तीको आर्थिक वर्ष २०७७।७८ मा नै उद्धाटन समेत भएको देखिन्छ । तत्पश्चात समेत पटक पटक विभिन्न शीर्षकमा लगानी भएको देखिन्छ ।

यो आ व मा पालिकाले समानीकरण अनुदानतर्फबाट रु २५०००००।०० विनियोजन गरी उपभोक्ताको सहभागिता समेत रु १६१४७४२।८७ को लागत अनुमान तयार गरी नमुना एकीकृत माझी वस्ती वरिपरि कम्पाउण्ड निर्माण गर्ने कार्य गरेको छ । उक्त लगानी पश्चात पालिका वा स्थानीय वासिन्दाले होम स्टे वा अन्य सेवा संचालन गरी पर्यटक आकर्षित गरेको वा कुनै प्रकारको आमदानी गर्न सकेको प्रमाण पेश हुन आएन । पर्याप्त अध्ययन विना योजना सञ्चालन गरी माझी परिवारको भोगचलनमा रहेको जग्गामा सरकारी लगानीका घर निर्माण गर्दा राज्यको

लगानी जोखिममा परेको देखिन्छ । निर्माण पूर्व तय गरिएको उद्देश्य अनुरुप प्रयोग गरी लगानीको प्रतिफल सुनिश्चित गर्नु उपयुक्त हुने देखिन्छ ।

६२ **खानेपानी ट्याङ्की तथा कुवा निर्माण तथा पाईप खरिद योजना**

गाउँपालिका वडा ६ का विभिन्न ३० साना योजनाका लागि एकमुष्ठ उपभोक्ता समितिसँग सम्झौता गरी खर्च भएकोमा सिमेन्टको नर्म्स बमोजिम हुनुपर्ने खपत ६३१ बोरा तथा समावेश भएको बिल बमोजिमको खपत ७६६ बोरा तुलना गर्दा फरक परेको १३५ बोराको विभिन्न मितिमा भएको खरिदको दरको औषत रु ६२६ प्रति बोराका दरले हुन आउने रकमको मूल्य अभिवृद्धि कर रु. १११६२।०० बढी भुक्तानी भएको देखिएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १११६२ |

६३ **रस्काडाँ सलेनी कोलिम्राङ सडक निर्माण**

वडा नं ७ मा रस्काडाँ सलेनी कोलिम्राङ सडक निर्माणका लागि पालिकाबाट रु २००००००।०० विनियोजन भएकोमा उपभोक्ता समितिसँग रु २१७३८५३।३४ को सम्झौता भएको छ । काम सम्पन्न भएको जनाई भौ नं १३८ २०७९।११।१५ बाट भुक्तानी भएको छ । लागत अनुमान बमोजिम ३.३ कि मि सडक निर्माणका लागि सर्भे तथा सम्झौता गर्दा चेनेज नं ०+००० — ०+३२० को रुटमा गरिएको तर निर्माण गर्दा ०+००० — ०+९१० को रुटमा काम गरेकाले माटोको परिमाण लागत अनुमान भन्दा उल्लेख्य रुपमा घटेको तथा नरम र कडा चट्टान काट्ने कामको परिमाण उल्लेख्य बढेको तथा तोकिएको लम्बाइको बाटो खन्न नसकिएको अवस्था देखिन्छ । यसरी सर्भे गर्दा आँकलन गर्न नसकिएको अवस्थाबाट निर्माण कार्यको रुट नै परिवर्तन गर्नुपर्ने हुँदा भेरिएशन आदेश जारी गरी गर्नुपर्नेमा सो गरेको देखिएन । यस्तो अवस्थामा सुधार हुनुपर्दछ ।

६४ **वडा कार्यालय भवन निर्माण**

वडा नं ५ को वडा कार्यालय भवन निर्माणका लागि लागत अनुमान ७५९६०९४।०४ रहेकोमा सम्पन्न हुँदा रु २३१८९९८।१५ को मूल्यांकन भएको छ । लागत अनुमान भन्दा ७५ प्रतिशत कम काम (रु १८५९४२५।००)भएको अवस्था छ । उपभोक्ता मार्फत वडा भवन निर्माण जस्तो जटिल प्रकृतिको कार्य गराउने गरी सम्झौता गरेको अवस्था उपयुक्त देखिएन । सोही सम्बन्धमा वडा अध्यक्षबाट सो भवनको निर्माण सम्पन्न भएको भनी मिति २०८०।३।२४ ( च न १११६)मा सिफारिस प्राप्त भए तापनि सम्बन्धित प्राविधिकबाट नापी गरी निर्माण सम्पन्न भए पश्चातको सम्पन्नको प्रमाण पत्र / एज बिल्ट नक्सा तथा तस्वीर पेश हुन आएन । निर्माण कार्य तोकिएकै डिजाइन तथा गुणस्तरको भएको भनी यकिन गर्न सकिएन । सो कार्य अपुरो नरहेको तथा स्वीकृत

डिजाइन तथा गुणस्तर बमोजिमकै भएको भन्ने प्रमाणित हुने कागजात पेश हुन नआएकोले सिफारिस गर्ने वडा अध्यक्षलाई समेत जिम्मेवार बनाई प्राविधिकबाट नाप जाँच गराई भवनको यथार्थ अवस्था पुष्टी गर्ने आधार पेश गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७५९६०९४ |

संपरीक्षणबाट थप भएको बेरूजू

| क.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | सवारी साधन मर्मत संभार शिर्षकमा यस आ व मा रु ३० लाख १२ हजारमा वजेट विनियोजन भएकोमा रु २७ लाख ४२ हजार खर्च भएको देखिन्छ । इन्धन (कार्यालय प्रयोजन)का लागि रु २० लाख ८० हजार बजेट विनियोजन भएकोमा रु २० लाख ८० हजार नै खर्च भएको देखिन्छ । इन्धन (पदाधिकारी)मा रु २१ लाख १९ विनियोजन भएकोमा रु २० लाख ६२ हजार खर्च भएको देखिन्छ ।कतिपय सवारी साधनको मर्मत देखिने लगबुक तथा मर्मत आदेश विना रकम भुक्तानी भएको देखिन्छ । पालिकाले आफ्नो आन्तरिक नियन्त्रण प्रणाली मार्फत यस्ता कुरालाई नियन्त्रण गरी वित्तीय सुशासन कायम गर्नुपर्छ । यस वाहेक विभिन्न योजनाहरुको कन्टेन्जेन्सीवाट तथा वडाको प्रशासनिक खर्चबाट पनि इन्धन तथा मर्मतमा खर्च गरेको देखिन्छ ।नियमानुसार कन्टेन्जेन्सी खर्चलाई व्यवस्थित गर्न अद्यावधिक अभिलेख राखेको देखिँदैन । यस्तो अवस्थामा सुधार हुनुपर्दछ ।<br><br>क्वाटर व्यवस्थापन खर्चः गाँउपालिकाको प्रमुखको कार्यकक्षक्वाटर तथा क्यान्टिन व्यवस्थापन का लागि सिधै खाजा तथा खाना तथा अन्य विविध फुटकर खर्चका बिल संलगन गरी भुक्तानी दिने गरेको देखिएको छ । उक्त कार्यका लागि पदाधिकारी अन्य सुविधा शीर्षकबाट रु ९४११८२विविध खर्च शीर्षकमा रु १०१८४४३ र कन्टिन्जेन्सि बाट रु ४०१२४०१ गरी जम्मा रु ५९७२०२६ खर्च भएको देखिएको छ । स्थानिय जनप्रतिनिधि हरुको सेवा सुविधा सम्बन्धी मापदण्डमा जनप्रतिनिधिले पाउने सेवा सुविधाको बारेमा स्पष्ट रुपमा तोकिएको र सोही अनुरुप सेवासुविधा प्राप्त गर्ने हुँदा तोकिएको सेवा सुविधा भन्दा फरक रुपमा जनप्रतिनिधिको सुविधा पालिकाले भुक्तानी गर्दा पालिकामा थप व्ययभार परेको छ । यस्ता अनावश्यक खर्चमा नियन्त्रण गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ । | 0.00 |

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : खाँडादेवी गाउँपालिका रामेछाप  खाँडादेवी गाउँपालिका  रामेछाप

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नारायण लामिछाने | २०७८-११-२५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Bijaya Luitel | २०७९-७-१६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २२३२२०८.५९ | ७७८७८२६ | ८९७८२२०३ | ० | ० | १४५००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ९९९४७२३७.५९ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १५७७३२.५९ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ९९७८९५०५ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ९४६७९४१८ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४१७५९११६६ | **चालु खर्च** | ३९५६५२२२९ |
| **प्रदेश सरकारबाट अनुदान** | ६६३९५६७९ | **पूँजीगत खर्च** | १८७०४५०६६ |
| **राजश्व बाँडफाँट** | ११४४९७४१५ | **वित्तीय/अन्य व्यवस्था** | १५०४६८२४८ |
| **आन्तरिक आय** | २८२१८३८५ | | |
| **अन्य आय** | १३७३४०९०२ | | |
| **कुल आय** | ७६४०४३५४७ | **कुल खर्च** | ७३३१६५५४३ |
| **बाँकी मौज्दात** | | १२५५५७४२२ | |